MILLENNIUM
CHALLENGE CORPORATION
UNITED STATES OF AMERICA

# मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति
# (एमसिए-नेपाल)







# वार्षिक प्रतिवेदन

आ.व. २०७८/०७९ (सन् २०२१/०२२)

# वार्षिक प्रतिवेदन

आ.व. २०७८/०७९

# मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति
# (एमसिए-नेपाल)

# सञ्चालक समितिका अध्यक्षको मन्तव्य



अर्थ मन्त्रालय तथा मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) बीच हस्ताक्षर भएको एमसीसी नेपाल कम्प्याक्ट सम्झौता अन्तर्गत प्राप्त ५० करोड अमेरिकी डलर अनुदान नेपालको पूर्वाधार विकासका लागि एउटा अवसर हो । कुल ६५ करोड अमेरिकी डलरको यस कार्यक्रममा नेपाल सरकारले १३ करोड डलर लगानी गरेको छ ।

नेपालमा विद्युत्को भरपर्दो उपलब्धतामा वृद्धि गर्ने, सडकको गुणस्तर सुदृढ गर्ने, लगानी आकर्षित गरी आर्थिक वृद्धिलाई तीव्रता दिने तथा बचत भएको विद्युत् ऊर्जाको अन्तरदेशीय व्यापार सहजीकरण गर्ने उद्देश्य यस कार्यक्रमले लिएको छ । कम्प्याक्ट कार्यक्रमले नेपालको आर्थिक विकासमा योगदान गर्ने निश्चित छ ।

यो अनुदान परिचालनका लागि छनोट गरिएका विद्युत् प्रसारण आयोजना तथा सडक मर्मत आयोजना नेपालका प्राथमिकताप्राप्त आयोजना हुन् । यस अन्तर्गत करिब ३१५ किमि प्रसारण लाइन, तीन वटा सबस्टेशन र करिब ७७ किमि सडकको मर्मत कार्यलाई अगाडि बढाइनेछ । आर्थिक विकासको मेरुदण्डका रूपमा रहेको औद्योगिक क्षेत्रलाई चलायमान बनाउनका लागि आवश्यक नियमित विद्युत् आपूर्ति सुनिश्चित गर्न प्रसारण सञ्जालको क्षमता बढाउँदै लाने दीर्घकालीन नीति नेपाल सरकारको रहेको छ । यस कार्यक्रमको एक आयोजनाका रूपमा निर्माण गर्न लागिएको प्रसारण लाइन नेपालको विद्युत् प्रसारण प्रणालीको महत्वपूर्ण अङ्ग हुनेछ ।

अर्थ मन्त्रालय अन्तर्गत स्थापित मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) ले यस आर्थिक वर्षमा कार्यक्रमसँग जोडिएका पूर्वशर्तहरू हासिल गर्नेसन्दर्भमा राम्रो प्रगति गरेको छ । कम्प्याक्टको संसदीय अनुमोदन भएको छ भने आयोजनालाई निर्माण चरणमा लानका लागि अन्तिम पूर्वशर्तका रूपमा रहेको कार्यस्थलमा पहुँच प्राप्त गर्नेसम्बन्धी विभिन्न क्रियाकलापले गति लिइरहेका छन् ।

सडक मर्मत आयोजना अन्तर्गत सडक विभागमा प्रयोगशालाहरूको निर्माण र नवीन प्रविधियुक्त उपकरण जडान कार्य सम्पन्न गरिनुका साथै अन्य पूर्वतयारी कार्यहरू अगाडि बढेका कारण भविष्यमा गरिने सडक मर्मत कार्यका लागि मार्गप्रशस्त भएको छ । यसैगरी विद्युत् प्रसारण आयोजना अन्तर्गत रातमाटे सबस्टेशन निर्माणस्थलका प्रभावित व्यक्तिहरूको जीविकोपार्जन पुनःस्थापना गर्ने पहल भइरहेको छ । कम्प्याक्ट कार्यान्वयन चरणमा प्रवेश गर्नुपूर्व सम्पन्न गर्नुपर्ने अन्य तयारी कार्यहरू पनि सकिने क्रममा छन् । प्रसारण लाइनको मार्गका सम्बन्धमा प्राप्त जनगुनासोलाई सम्बोधन गर्नका लागि स्थानीय अधिकारीहरू तथा प्रभावित व्यक्तिहरूसँग अन्तरक्रियाहरू भइरहेका छन् भने रुख कटानीका लागि आवश्यक अनुमति लिने कार्यहरू पनि प्रक्रियामा रहेका छन् ।

आयोजनाहरूको प्रभावकारी कार्यान्वयन समयमै एवं कुशलताका साथ गर्नका लागि नेपाल सरकारको तर्फबाट हुनुपर्ने सहयोग निरन्तर रहनेछ । त्यसैगरी, नेपाल सरकार आयोजनाको तीव्र कार्यान्वयन गरी समयसीमाभित्रै आयोजना सम्पन्न गर्ने कार्यमा एमसीसीको सहयोगको अपेक्षा गर्दछ ।

अन्त्यमा, यस आर्थिक वर्षमा हासिल भएका उपलब्धिका लागि एमसिए-नेपाल टोलीको सराहना गर्न चाहन्छु । साथै यस अवसरमा एमसीसी, अन्य सम्बन्धित मन्त्रालयहरू तथा सञ्चालक समितिका सदस्यहरूलाई उहाँहरूको निरन्तर विश्वास र योगदानका लागि धन्यवाद दिन चाहन्छु । यस कार्यक्रमको सफलताको कामना गर्दछु ।

धन्यवाद !

कृष्णहरि पुष्कर
सचिव
अर्थ मन्त्रालय
नेपाल सरकार

# कार्यकारी निर्देशकको सन्देश



मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) को आव २०७८/०७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा म हर्षित छु। यस प्रतिवेदनमा नेपाल सरकारसमक्ष प्रस्तुत गरिएको समष्टिगत आर्थिक प्रतिवेदन, एमसिए-नेपाल सञ्चालक समितिसमक्ष प्रस्तुत गरिएको आयोजनासम्बन्धी अद्यावधिक जानकारी तथा २०७८ साल साउन १ गतेदेखि २०७९ साल असार ३२ गतेसम्मको अवधिलाई प्रतिनिधित्व गर्ने संस्थागत अवस्था समेटिएको छ।

कम्प्याक्ट अन्तर्गत आयोजनाहरू कार्यान्वयनका लागि एक प्रमुख पूर्व शर्तका रूपमा उल्लेख गरिएको एमसीसी नेपाल कम्प्याक्टको संसदीय अनुमोदन २०७८ फागुन १५ गते भएबाट एमसिए-नेपालले एक मुख्य कोशेढुङ्गा हासिल गरेको छ। संसदीय अनुमोदनसम्मको यात्रा सहज थिएन, यस क्रममा थुप्रै भ्रामक सूचना फैलाइएको थियो। तल्लो तहका सर्वसाधारणबीच फैलाइएका ती भ्रामक सूचनालाई सच्याउन र सही सूचना सम्प्रेषण गर्न एमसिए-नेपाल निरन्तर रूपमा सक्रिय रहेको थियो। आयोजना प्रभावित मानिसहरूलाई तथ्यमा आधारित सूचना उपलब्ध गराउने एक प्रयास स्वरूप एमसिए-नेपालले आयोजना क्षेत्रमा विभिन्न तहमा सरोकारवालाहरूबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो। कम्प्याक्ट तथा आयोजनाबाट पर्ने प्रभावका साथै प्रभावित व्यक्तिहरूलाई उचित तथा पारदर्शी क्षतिपूर्ति सुनिश्चित गर्न पुनर्वास अभ्यासहरूसम्बन्धी तथ्यहरू सम्प्रेषण गर्न एमसिए-नेपाल प्रतिवद्ध छ।

अनुमोदनपछि एमसिए-नेपालले सम्पूर्ण निर्माण कार्य थालनी गर्नका लागि आयोजना क्षेत्रमा पहुँच प्राप्त गर्न आवश्यक सम्पूर्ण तयारी कार्यलाई तीव्रता प्रदान गरिरहेको छ। कार्यान्वयनमा प्रवेश गर्नका लागि निर्धारण गरिएको लक्षित मितिभन्दा अघि हासिल गर्नुपर्ने एउटा महत्वपूर्ण र अन्तिम पूर्व शर्त आयोजना क्षेत्रमा पहुँच हो। यसले नेपाल सरकार तथा मिलेनियम च्यालेञ्ज कर्पोरेशनबीच भएको सहमति अन्तर्गत निर्धारण गरिएको उक्त मिति अर्थात् २०८० साल भदौबाट  पाँच वर्षको समयरेखाभित्र कम्प्याक्ट सफलतापूर्वक सम्पन्न हुने सुनिश्चित गर्नेछ। कार्यान्वयन क्रियाकलाप थालनी गर्नुपूर्व आयोजनालाई सफलतापूर्वक सम्पन्न गर्नका लागि सम्पूर्ण शर्तहरू हासिल गरिएको सुनिश्चित गर्न आयोजनाको तयारी चरणका लागि पर्याप्त समय उपलब्ध गराउने अभ्यास विश्वका विभिन्न देशमा कार्यान्वयन गरिएका एमसीसी कम्प्याक्टका सन्दर्भमा गर्ने गरिएको छ।

यस आर्थिक वर्षमा सञ्चालन गरिएका प्रमुख तयारी कार्यहरूमा नुवाकोट जिल्लाको रातमाटेमा विद्युत् प्रसारण आयोजनाका लागि सबस्टेशन निर्माण गर्नका लागि आवश्यक जग्गा प्राप्त गर्ने प्रक्रिया सम्पन्न गरिएको छ भने सडक मर्मत आयोजनासम्बन्धी तयारी कार्य स्वरूप सडक विभागमा आधुनिक प्रविधिका उपकरणहरू राख्नका लागि चार वटा प्रयोगशाला निर्माण गरी उद्घाटन पनि गरिएको छ र रातमाटेमा प्रभावित व्यक्तिहरूका लागि जीविकोपार्जन पुन:स्थापन कार्यक्रमको कार्यान्वयन थालिएको छ। जीविकोपार्जन पुन:स्थापन कार्यक्रम भौतिक रूपमा विस्थापित व्यक्तिहरूका लागि जीविकोपार्जनको सुदृढ माध्यम सुनिश्चित गर्नका लागि अन्तरराष्ट्रिय मापदण्डका आधारमा तयार गरिएको पुनर्वास कार्ययोजनाको एक अभिन्न अङ्ग हो। यसका अतिरिक्त वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनका निष्कर्षहरू अनुरूप आयोजना प्रभावित व्यक्तिहरूका गुनासा सम्बोधन गर्नका लागि प्रसारण लाइन जाने मार्गमा पर्ने ३० किमि खण्डको विस्तृत पुन:सर्वेक्षण थालिएको छ। वातावरणीय प्रभाव मूल्याङ्कन, पुनर्वास कार्ययोजना तर्जुमा तथा कार्यान्वयन तथा निर्माण कार्य थालनीपूर्व नेपाल सरकारका सम्पूर्ण मापदण्डहरू पालना गरिएको सुनिश्चित गर्नका लागि नेपाल सरकारका विभिन्न साझेदार निकायहरूसँगको सहकार्यले कम्प्याक्ट समयमै सफलतापूर्वक कार्यान्वयन हुने सुनिश्चित गर्नेछ।

वर्तमान महत्वपूर्ण तयारी चरणमा हाम्रा सरोकारवालाहरूबाट निरन्तर सहयोग नभएको भए एमसिए-नेपालले गरेका उपलब्धिहरू हासिल गर्न सम्भव थिएन। यस अवसरमा म अर्थ मन्त्रालय तथा एमसीसीलाई दृढ सहयोगका लागि हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। हाम्रो सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरूप्रति पनि उहाँहरूले प्रदान गर्नुभएको नेतृत्व तथा एमसिए-नेपालका प्रमुख कार्यहरूका लागि निरन्तर मार्गनिर्देशनका लागि पनि म ऋणी छु। नेपाल विद्युत् प्राधिकरण, विद्युत् नियमन आयोग, सडक विभाग तथा सडक बोर्ड नेपालसँगको एमसिए-नेपालको साझेदारीका कारण गएको वर्ष महत्वपूर्ण उपलब्धिहरू भएका छन् र आगामी वर्ष पनि यो सहकार्यले निरन्तरता पाउने अपेक्षा हामीले गरेका छौं।

अन्त्यमा, अहिलेसम्म हासिल गरिएका प्रगतिका लागि योगदान गर्नुभएकोमा एमसिए-नेपाल टोली, एमसीसी टोली, प्राविधिक साझेदारहरू तथा परामर्शदाताहरू सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**खड्ग बहादुर विष्ट**
कार्यकारी निर्देशक
एमसिए-नेपाल

# विषय-सूची


**कार्यकारी सारांश** **१**

**खण्ड १ : मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति : एक परिचय** **२**

१.१ संस्थागत परिचय २
१.२ सञ्चालक समिति २
१.३ सञ्चालक समिति बैठकका झलक २
१.४ सङ्गठनात्मक संरचना ३

**खण्ड २ : आयोजनाहरू** **४**

२.१ विद्युत् प्रसारण आयोजना ४
२.१.१ प्रसारण लाइनसम्बन्धी क्रियाकलाप ४
२.१.२ सबस्टेशनसम्बन्धी क्रियाकलाप ५
२.१.३ ऊर्जा क्षेत्र प्राविधिक सहायतासम्बन्धी क्रियाकलाप ६
२.१.४ एमसिए-नेपाल साझेदारी कार्यक्रमका उप-क्रियाकलाप ६
२.२ सडक मर्मत आयोजना ७
२.२.१ प्राविधिक सहायतासम्बन्धी क्रियाकलाप ७
२.२.२ रणनैतिक सडक मर्मतसम्बन्धी क्रियाकलाप ७
२.३ आयोजना क्षेत्रहरू ९

**खण्ड ३ : वातावरणीय र सामाजिक सुरक्षा** **१०**

३.१ वातावरण, स्वास्थ्य तथा सुरक्षा १०
३.२ सामाजिक सुरक्षा तथा पुनर्स्थापन ११

**खण्ड ४ : लैङ्गिक तथा सामाजिक समावेशीकरण** **१३**

**खण्ड ५ : गुनासो सुनुवाइ संयन्त्र** **१५**

**खण्ड ६ : जालसाजी र भ्रष्टाचार** **१७**

**खण्ड ७ : जोखिम तथा चुनौतीहरू** **१८**

**खण्ड ८ : वित्तीय विवरण** **१९**

# कार्यकारी सारांश

यस प्रतिवेदनले नेपाली आव २०७८/०७९ (२०७८ साल साउन १ गतेदेखि २०७९ साल असार ३२ गतेसम्म) को अवधिलाई समेटेको छ। यस कार्यकारी सारांशमा प्रतिवेदनले समेटेको अवधिमा भएका कार्यक्रम तथा आयोजनासँग सम्बन्धित क्रियाकलापहरूका मुख्य जानकारीहरू प्रस्तुत गरिएको छ।

## मुख्य जानकारीहरू

पूरा हुन बाँकी पूर्व शर्तहरूमध्ये एउटा एमसीसी नेपाल कम्प्याक्टको संसदीय अनुमोदन एमसिए-नेपालले यस आर्थिक वर्षमा सफलतापूर्वक हासिल गरेको छ। नेपालले उक्त सम्झौतामा हस्ताक्षर गरेको पाँच वर्षपछि २०७८ साल फागुन १५ गते नेपालको सङ्घीय संसद्ले वृहद् विचार विमर्शपछि अनुमोदन गरेको छ। नेपालले उक्त सम्झौतामा २०७४ भदौ २९ गते हस्ताक्षर गरेको थियो। आयोजनाका प्रत्येक पक्षसँग सम्बन्धित जोखिमको होशियारीपूर्ण विश्लेषणपछि कम्प्याक्टको डिजाइन तथा छलफलका क्रममा एमसीसी तथा नेपाल सरकारबीच आयोजनासँग सम्बन्धित अन्य पूर्व शर्तहरूका अतिरिक्त उक्त सम्झौताको संसदीय अनुमोदन गरिनुपर्ने पूर्वशर्तबारे पनि सहमति भएको थियो। आयोजनासँग सम्बन्धित ती पूर्वशतले होशियारीपूर्वक तयार गरिएको आयोजनाका समयतालिकाका आधारमा आयोजनाहरूको प्रभावकारी कार्यान्वयन सुरक्षितपूर्वक, समयमै एवं कुशलताका साथ गर्न सहयोग गर्दछन्। निर्माणाधीन कार्यसम्बन्धी करारहरूलाई अगाडि बढाउनुपूर्व स्वीकृति, अनुमति तथा पुनर्वास जस्ता सम्पूर्ण तयारी क्रियाकलाप सम्पन्न गर्नुपर्ने पूर्व शर्तको पनि व्यवस्था छ। एमसिए-नेपालले मूल्याङ्कन तथा अन्य प्राविधिक कार्यका लागि स्वीकृति र अनुमति प्राप्त गर्न सम्बन्धित सरकारी निकायहरूसँग निरन्तर काम गरिरहेको छ।

सडकको गुणस्तरलाई दिगो तुल्याउन र दीर्घकालीन मर्मतसम्भारसम्बन्धी आवश्यकतालाई सम्बोधन गर्नका लागि नेपाल सरकारलाई सहयोग गर्न एमसिए-नेपालले अगाडि बढाएको प्रयासका एक प्रमुख साझेदार सडक विभागमा निर्माण गरिएका प्रयोगशालाहरूको उद्घाटन २०७९ साल वैशाख १३ गते सडक विभाग, एमसीसी तथा एमसिए-नेपालका प्रतिनिधिहरूबाट भएको थियो। ती प्रयोगशाला तथा उपकरणहरू सडक मर्मत आयोजना अन्तर्गतको प्राविधिक सहयोगको महत्वपूर्ण अंश हुन्। सुपरपेभ आस्फाल्ट मिक्स डिजाइन, फुल डेप्थ रिक्लेमेसन तथा फलिङ वेट डिफ्लेक्टोमिटर लगायतका प्रयोगशाला उपकरणहरूको जम्मा मूल्य करिब १३ करोड ६० लाख अमेरिकी डलर रहेको छ भने प्रयोगशाला भवन करिब ६० हजार अमेरिकी डलरको लागतमा निर्माण गरिएको हो। सडक विभागमा प्रयोगशाला भवन निर्माण तथा प्रयोगशाला उपकरण जडान आयोजनाको एक महत्वपूर्ण उपलब्धि हो। सडक विभागले ती प्रयोगशाला उपकरणरू एमसिए-नेपालसँगको समन्वयमा विभागका प्राविधिकहरूको नियमित प्रशिक्षणका साथै आयोजनासम्बन्धी क्रियाकलापहरूका लागि प्रयोग गर्नेछ। उक्त सम्पत्तिको नियमित मर्मत, बीमा तथा सम्बन्धित क्रियाकलापहरू एमसिए-नेपालले गर्नेछ भने नियमित प्रयोग तथा कम्प्याक्ट अवधिको अन्त्यमा हस्तान्तरण नगरिएसम्मका लागि ती सम्पत्तिको सुरक्षाका लागि सडक विभाग जिम्मेवार हुनेछ।

नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकास्थित रातमाटेमा निर्माण गर्न लागिएको सबस्टेशनबाट प्रभावित व्यक्तिहरूका लागि जीविको पार्जन पुनःस्थापन कार्यक्रमको कार्यान्वयन थालिएको छ। उक्त कार्यक्रमका लागि एमसिए-नेपालका परामर्शदाता साप्रोस नेपालले दुई दिने शुभारम्भ कार्यशालाको आयोजना २०७८ साल चैत २२ र २३ गते गरेपछि उक्त कार्यक्रम अगाडि बढेको हो। जीविकोपार्जन पुनःस्थापन कार्यक्रम सबस्टेशन निर्माणस्थलबाट भौतिक रूपमा विस्थापित भएका व्यक्तिहरूका लागि सुदृढ जीविकोपार्जन माध्यम सुनिश्चित गर्न विद्युत् प्रसारण आयोजनाका लागि तयार गरिएको पुनर्वास कार्ययोजनाको एक अभिन्न अंश हो। यस कार्यक्रमबाट सञ्चालन गरिने कृषि उत्पादन वृद्धि, जीविकोपार्जन सीप, वित्तीय साक्षरता तथा जीवनोपयोगी सीपसम्बन्धी प्रशिक्षण लगायतका विभिन्न पहलबाट उक्त आयोजनाबाट प्रभावित २३५ जना स्थानीय व्यक्ति लाभान्वित हुनेछन्।

४०० केभी प्रसारण लाइन मार्ग निर्धारणको काम अन्तिम चरणमा पुगेको छ। उक्त कार्यका लागि नियुक्त एमसिए-नेपालका परामर्शदाता पावर ग्रिड कर्पोरेशन अफ इण्डिया लिमिटेड (पीजीसीआईएल) ले आयोजना प्रभावित व्यक्तिहरूका गुनासा सम्बोधन गर्न प्रसारण लाइनको मार्ग पुनःनिर्धारणका लागि पहिचान गरिएको कुल ३० किमि खण्डको विस्तृत सर्वेक्षण गरिरहेको छ। उक्त सर्वेक्षणको परिणामस्वरूप विद्युत् प्रसारण आयोजनाका लागि प्रसारण लाइन मार्गको अद्यावधिक डिजाइन तयार हुनेछ।

# खण्ड १
## मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति
## एक परिचय

### १.१ संस्थागत परिचय

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) अमेरिकी सरकारको मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) कम्प्याक्ट कोषको अनुदान ५० करोड अमेरिकी डलर र नेपाल सरकारको लगानी १३ करोड अमेरिकी डलरबाट बन्ने पूर्वाधार कार्यक्रमको व्यवस्थापनका लागि विकास समिति ऐन, २०१३ अन्तर्गत स्थापना गरिएको नेपाल सरकारको निकाय हो । यो कार्यक्रमको उद्देश्य लगानीलाई प्रोत्साहन गर्न तथा आर्थिक वृद्धिमा तीव्रता ल्याउन विद्युत्को उपलब्धता र भरपर्दोपनामा वृद्धि गर्नु, सडकको गुणस्तर कायम राख्नु तथा नेपाल र यस क्षेत्रबीचको ऊर्जा व्यापारमा सहजीकरण गर्नु हो । यस कार्यक्रम अन्तर्गत राष्ट्रिय गौरवको आयोजना विद्युत् प्रसारण आयोजना (ईटीपी) र सडक मर्मत आयोजना (आरएमपी) गरी दुई वटा आयोजना कार्यान्वयन गरिनेछ ।

### १.२ सञ्चालक समिति

एमसिए-नेपाल सञ्चालक समिति आर्थिक वर्ष २०७८/०७९ को अन्त्यसम्ममा देहायका सदस्यहरू रहनुभएको कार्यकारी निकाय हो :

१. श्री मधुकुमार मरासिनी, अध्यक्ष
सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय
२. श्री केशव कुमार शर्मा, सदस्य
सह-सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
३. श्री मधुप्रसाद भेटवाल, सदस्य
सह-सचिव, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
४. श्री कुलमान घिसिङ, सदस्य
कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण
५. श्री कुमार पाण्डे, सदस्य (प्रतिनिधि, निजी क्षेत्र)
कार्यकारी अध्यक्ष, नेशनल हाइड्रोपावर कम्पनी
६. श्री गोपाल खनाल, सदस्य (प्रतिनिधि, नागरिक समाज)
पत्रकार
७. श्री खड्ग बहादुर विष्ट, सदस्य-सचिव
कार्यकारी निर्देशक, एमसिए-नेपाल


### १.३ सञ्चालक समिति बैठकका झलक

आर्थिक वर्ष २०७८/०७९ (२०७८ साउन १ देखि २०७९ असार ३२ सम्म) मा सञ्चालक समितिका छ वटा बैठक आयोजना गरियो । ती बैठकका कार्यसूची तथा निर्णयहरू तल दिइएको तालिकामा प्रस्तुत गरिएको छ ।

| सञ्चालक समितिको बैठक सङ्ख्या | मिति | प्रमुख कार्यसूची तथा बैठकका निर्णयहरू |
|---|---|---|
| २४औं बैठक | २०७८ असोज १३ | १. एमसिए-नेपाल खरिद योजना संस्करण ५.२ स्वीकृत ।<br>२. कर्मचारीहरूसँगको करारको म्याद थप स्वीकृत । |
| २५औं बैठक | २०७८ मङ्सिर २९ | १. एमसिए-नेपाल खरिद योजना संस्करण ५.३ स्वीकृत ।<br>२. खरिद एजेण्ट सम्झौताका लागि करार सम्झौता स्वीकृत ।<br>३. एमसिए-नेपालको कार्यक्रम प्रशासन क्रियाकलापबाट खरिद, वित्त तथा लेखापरीक्षण क्रियाकलापका लागि बजेट रकमान्तर स्वीकृत । |
| २६औं बैठक | २०७८ चैत १ | १. एमसिए-नेपाल खरिद योजना संस्करण ६.० स्वीकृत ।<br>२. खरिद एजेण्ट करारको संशोधन ।<br>३. कार्यसम्पादन मूल्याङ्कन २०२१ को परिणामको कार्यान्वयन । |

| | | |
|---|---|---|
| २७ औं बैठक | २०७८ चैत २५ | १. खरिद एजेण्ट सम्झौताको संशोधन ।<br>२. विभिन्न करार (टीईपी/बीआरपी/एसपीए/बीपीए) का लागि करार संशोधन स्वीकृत ।<br>३. आस्फाल्ट प्रयोगशालाको भवन तथा फलिङ वेट डिफ्लेक्टोमिटर भण्डार निर्माणमा संशोधन ।<br>४. सडक बोर्ड नेपालसँगको आयोजना सहायता सम्झौता हस्ताक्षरका लागि स्वीकृत ।<br>५. कर्मचारीहरूको रोजगारी सम्झौतामा म्याद थप ।<br>६. कर्मचारी प्रशासन विनियमावलीमा आवश्यक संशोधन गरी छनोट स्मरणपत्र स्वीकृत गर्ने र ब्याण्ड डी कर्मचारी नियुक्ति गर्ने अधिकार कार्यकारी निर्देशकलाई प्रदान । |

## १.४ सङ्गठनात्मक संरचना



# खण्ड २
## आयोजनाहरू

## २.१ विद्युत् प्रसारण आयोजना

विद्युत् प्रसारण आयोजना अन्तर्गत बढीमा ३१५ किलोमिटर लामो ४०० केभी डबल सर्किट क्वाड मूज ओभरहेड विद्युत् प्रसारण लाइन र रातमाटे, नयाँ दमौली र नयाँ बुटवल गरी तीन स्थानमा निर्माण गरिने तीन वटा नयाँ सबस्टेशनको डिजाइन, आपूर्ति, निर्माण, जडान, परीक्षण र लाइन तान्ने काम पर्दछन्। यो ४०० केभी प्रसारण लाइनलाई नेपाल विद्युत् प्राधिकरणले बनाउँदै गरेको लप्सिफेदी सबस्टेशन र नयाँ हेटौँडा सबस्टेशनसँग पनि जोडिनेछ । भारतसँग जोड्ने योजनासहित निर्माण गर्न लागिएको दोस्रो प्रमुख अन्तरदेशीय प्रसारण लाइन (नेपालको नयाँ बुटवलदेखि भारतको गोरखपुरसम्म) सहितको यो आयोजना नेपालको विद्युत् प्रसारण पूर्वाधारको अर्को एक महत्वपूर्ण अंश हुनेछ। नेपालको ऊर्जा क्षेत्रको कार्यसम्पादनलाई सशक्त बनाउन यो विद्युत् प्रसारण आयोजना अन्तर्गत उपलब्ध गराइने सहयोगमा प्राविधिक सहायतासम्बन्धी क्रियाकलाप पनि पर्दछन् ।

नेपाल सरकार र एमसीसीका नीतिहरूका साथै प्राविधिक, वातावरणीय तथा सामाजिक मापदण्ड पालना गर्दै विद्युत् प्रसारण आयोजना सफलतापूर्वक कार्यान्वयन गर्ने क्रममा आयोजना व्यवस्थापन, वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कन एवं न्यूनीकरण र विद्युत् प्रसारण आयोजनाको इञ्जिनियरिङ तथा प्राविधिक सुपरिवेक्षणका लागि लाग्ने खर्च समेत उपलब्ध गराइनेछ।

विद्युत् प्रसारण आयोजनाको उद्देश्य भनेको नेपालको विद्युत् ग्रिडमा बिजुली आपूर्तिको उपलब्धता र विश्वसनीयतामा सुधार ल्याउँदै विद्युत् खपतलाई बढाउनु तथा नेपालको भारतसँगको अन्तरसीमा ऊर्जा व्यापारलाई सहजीकरण गर्नु हो । यस खण्डमा विद्युत् प्रसारण आयोजना अन्तर्गत गरिने चार मुख्य क्रियाकलाप अर्थात् प्रसारण लाइनसम्बन्धी क्रियाकलाप, सबस्टेशनसम्बन्धी क्रियाकलाप, ऊर्जा क्षेत्रमा प्राविधिक सहायतासम्बन्धी क्रियाकलाप तथा मिलेनियम च्यालेन्ज एकाउण्ट (एमसीए) साझेदारी कार्यक्रमसम्बन्धी उप-क्रियाकलापबारे चर्चा गरिनेछ ।

### २.१.१ प्रसारण लाइनसम्बन्धी क्रियाकलाप

प्रसारण लाइनसम्बन्धी क्रियाकलाप लगभग ३१५ किलोमिटर लामो डबल सर्किट ४०० केभी प्रसारण लाइन (क्वाड-सर्किट टावर सहित) को डिजाइन र निर्माणमा केन्द्रित हुनेछ । यस प्रसारण लाइनले हाल नेपालमा अभाव भइरहेको हाइभोल्टेज ग्रिडसँग से तुका रूपमा काम गर्नेछ । प्रसारण लाइनका खण्डहरू तिनीहरूको प्राविधिक तथा आर्थिक गुणस्तर मापनसम्बन्धी सोचविचारपूर्ण विश्लेषण र सम्भाव्यता अध्ययन, नेपालको मध्यकालीन तथा दीर्घकालीन विद्युत् आपूर्ति लक्ष्य हासिल गर्नको महत्व र नेपालको आन्तरिक तथा सीमापार प्रसारण लाइनमा लगानीसम्बन्धी योजनासँगको तादात्म्यता समेतका आधारमा छनोट गरिएको छ ।

प्रसारण लाइन क्रियाकलाप अन्तर्गत भएका प्रगतिको सारांश यसप्रकार छ :

#### २.१.१.१ डिजाइन-बिल्ड (डी-बी) करारका लागि बोलपत्र आह्वान पत्रलाई अन्तिम रूप प्रदान

कम्प्याक्टको संसदीय अनुमोदनमा भएको ढिलाइका कारण प्रसारण लाइनको डिजाइन एण्ड बील्ड (डी-बी) करारसम्बन्धी बोलपत्र प्रकाशन गर्ने समयरेखा प्रभावित भयो । कम्प्याक्ट अनुमोदन भइसकेको वर्तमान नयाँ परिदृश्यमा बोलपत्र आह्वानको प्राविधिक अंशलाई परिमार्जन गरिएको छ र यसलाई अन्तिम रूप प्रदान गरिँदैछ ।

#### २.१.१.२ प्रसारण लाइन तथा सबस्टेशन निर्माणसम्बन्धी कार्यका लागि निर्माण सुपरिवेक्षण इञ्जिनियरका लागि प्रस्ताव आह्वानपत्र

प्रसारण लाइन तथा सबस्टेशन निर्माणसम्बन्धी कार्यको निर्माण सुपरिवेक्षण इञ्जिनियरसम्बन्धी प्रस्ताव आह्वानपत्रको करार अवधिलाई निश्चित अवधि (Base Period) र थप गर्न सकिने अवधि (Option Period) मा विभाजन गर्नका लागि उक्त दस्तावेजको समीक्षा हुँदैछ । निश्चित अवधिमा आपूर्ति चरणमा उपलब्ध गराइने सहयोग पनि सम्मिलित हुनेछ । आपूर्ति चरणमा, विशेषगरी करारसम्बन्धी छलफलका क्रममा एमसिए-नेपाललाई सघाउनका लागि इञ्जिनियरहरू उपलब्ध भइसक्ने अवस्था सिर्जना गर्नका लागि यो प्रस्ताव आह्वानपत्र सन् २०२३ जनवरीसम्ममा प्रकाशन गरिनेछ ।

#### २.१.१.३ ३० किमि विस्तृत सर्वेक्षणका लागि परामर्शदाता र नेपाल विद्युत् प्राधिकरणसँग कोरिडर साझेदारी

स्थानीय समुदायका गुनासाका कारण पूर्वनिर्धारण गरिएको प्रसारण लाइन मार्गमा परिवर्तन गर्न आवश्यक रहेको प्रसारण लाइनको १० प्रतिशत लम्बाइ अर्थात् ३० किमि खण्डको विस्तृत सर्वेक्षण तथा इञ्जिनियरिङ डिजाइनका लागि एमसिए-नेपालले परामर्शदाताका रूपमा पावर ग्रिड कर्पोरेशन अफ इण्डिया लिमिटेड (पीजीसीआईएल) र जेड कन्सल्टसँग २०७८ साल चैत १६ गते करार सम्झौता गरेको छ । उक्त करारकै एक अंशका रूपमा २०७९ साल जेठ १६ गते एउटा शुभारम्भ कार्यशाला आयोजना गरिएको थियो र त्यसपछि २०७९ साल असार १६ देखि २७ गतेसम्म पैदल सर्वेक्षण गरिएको थियो ।

#### २.१.१.४ प्रसारण लाइनसम्बन्धी पुनर्वास कार्ययोजना र जीविकोपार्जन पुनःस्थापन योजनाको तयारी तथा कार्यान्वयन

प्रसारण लाइनसम्बन्धी पुनर्वास कार्ययोजना र जीविकोपार्जन पुनःस्थापन योजनाको तयारी तथा कार्यान्वयनका लागि सेवा आपूर्ति प्रक्रिया अन्तिम चरणमा पुगेको छ। नेपालका १० जिल्लाका आयोजना प्रभावित व्यक्तिहरूको जीविकोपार्जमा अस्वेच्छिक पुनर्वासका

कारण पर्नसक्ने नकारात्मक प्रभावलाई समाधान गर्न वा न्यूनीकरण गर्न यस महत्वपूर्ण कार्यले सघाउनेछ ।

### २.१.२ सबस्टेशनसम्बन्धी क्रियाकलाप

विद्युत् प्रसारण आयोजनाको सबस्टेशन क्रियाकलाप अन्तर्गत तीनवटा नयाँ ४०० केभीका इनडोर ग्यास कुचालक सबस्टेशन (GIS) निर्माण गरिनेछ । रातमाटे सबस्टेशन नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकामा, नयाँ दमौली सबस्टेशन तनहुँ जिल्लाको दमौलीमा र नयाँ बुटवल सबस्टेशन पश्चिम नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको भूमहीमा निर्माण गरिनेछ। यी तीनवटा सबस्टेशनका अतिरिक्त प्रसारण लाइन लप्सिफेदी र नयाँ हेटौंडामा रहेका नेपाल विद्युत् प्राधिकरणका सबस्टेशनमा पनि जोडिनेछ । सबस्टेशनका प्राविधिक विवरण निम्नानुसार छन् :

| सबस्टेशनको नाम | सबस्टेशनसम्बन्धी विवरण |
|---|---|
| रातमाटे | रातमाटे सबस्टेशन डेढ ब्रेकर बस कन्फिगुरेशनमा निर्माण गरिएको ४०० केभीको ग्यास कुचालक सबस्टेशन (GIS) र २२० केभीको ग्यास कुचालक सबस्टेशन (GIS) हुनेछ । यसमा सात वटा १-फेज ४००/√३/२२०/√३/३३ केभी, १६७ एमभीए, अटोट्रान्सफर्मर र सम्बन्धित नियन्त्रण तथा संरक्षण प्रणालीहरू हुनेछन् । |
| नयाँ बुटवल | नयाँ बुटवल सबस्टेशन डेढ ब्रेकर बस कन्फिगुरेशनमा ४०० केभीको ग्यास कुचालक सबस्टेशन (GIS) हुनेछ । यसमा दुई वटा ३-फेज ४००/२२० केभी, ३१५ एमभीए, अटोट्रान्सफर्मर र सम्बन्धित नियन्त्रण तथा संरक्षण प्रणालीहरू हुनेछन् । |
| नयाँ दमौली | नयाँ दमौली सबस्टेशन डेढ ब्रेकर बस कन्फिगुरेशनमा ४०० केभीको ग्यास कुचालक सबस्टेशन (GIS) हुनेछ । यसमा सात वटा १-फेज ४००/√३/२२०/√३/३३ केभी, १६७ एमभीए, अटोट्रान्सफर्मर र सम्बन्धित नियन्त्रण तथा संरक्षण प्रणालीहरू हुनेछन् । |

सबस्टेशन क्रियाकलापसंग सम्बन्धित प्रगतिको सारांश यसप्रकार छ :

#### २.१.२.१ डी-बी करारका लागि बोलपत्र आह्वानपत्रलाई अन्तिम रूप प्रदान

सबस्टेशनसम्बन्धी कामका लागि बोलपत्रसम्बन्धी कागजपत्रहरू गएको आर्थिक वर्षमै तयार भइसकेका थिए तर कोभिड-१९ तथा अन्य कारणले गर्दा भएको ढिलाइका कारण उपभोग्य सामग्रीको मूल्यमा आएको अस्थिरताको परिणामस्वरूप मूल्य समायोजन गर्नुपर्दा ती कागजपत्रमा प्रशस्त परिमार्जन गर्नुपऱ्यो ।

#### २.२.२.२ रातमाटेमा जीविकोपार्जन पुनःस्थापन योजना कार्यान्वयन



*एमसिए-नेपालका कार्यकारी निर्देशक खड्ग बहादुर विष्ट र साप्रोस नेपालका कार्यकारी निर्देशक सुनित अधिकारी रातमाटेका आयोजना प्रभावित व्यक्तिहरूका लागि जीविकोपार्जन पुनःस्थापन योजना कार्यान्वयनसम्बन्धी करारपत्र आदानप्रदान गर्नुहुँदै ।*

साप्रोस नेपालसँग २०७८ फागुन १८ गते एक करारपत्रमा हस्ताक्षर भएपछि रातमाटे सबस्टेशन निर्माणस्थलमा जीविकोपार्जन पुनःस्थापन योजना कार्यान्वयन प्रारम्भ भएको छ । शुभारम्भ प्रतिवेदन तथा आधारभूत सर्वेक्षण र परामर्श प्रतिवेदन गरी दुई वटा प्रमुख प्रतिवेदनहरू प्रस्तुत भइसकेका छन् । आधारभूत घरपरिवार सर्वेक्षणले आयोजना प्रभावित व्यक्तिहरूका लागि प्रशिक्षण तथा क्षमता अभिवृद्धि लगायतका क्रियाकलाप सञ्चालन गर्ने उक्त कार्यक्रमको वास्तविक कार्यान्वयनका लागि वातावरण सिर्जना गरिदिएको छ ।

### २.१.२.३ नेपाल विद्युत् प्राधिकरणसंग समन्वय

रातमाटे, नयाँ दमौली, नयाँ बुटवल तथा नयाँ हेटौँडा सबस्टेशनमा रहनुभएका नेपाल विद्युत् प्राधिकरणका आयोजना प्रवन्धकहरूसँग सैद्धान्तिक डिजाइन चित्रहरू तथा कागजपत्रहरूसहितका प्राविधिक सूचना आदानप्रदान गर्न नियमित समन्वय बैठकहरू आयोजना गरियो ।

### २.१.३ ऊर्जा क्षेत्र प्राविधिक सहायतासम्बन्धी क्रियाकलाप

ऊर्जा क्षेत्र प्राविधिक सहायतासम्बन्धी क्रियाकलापले विद्युत् नियमन आयोग र नेपाल विद्युत् प्राधिकरण लगायतका नेपालका ऊर्जा क्षेत्रका संस्थाहरूलाई सुदृढ बनाउन मद्दत गर्नेछ ।

विद्युत् नियमन आयोगलाई प्रदान गरिने प्राविधिक सहायता उक्त संस्थालाई विद्युत् क्षेत्रको नियमनका लागि स्वतन्त्र निकायका रूपमा काम गर्न सक्षम बनाउन तथा नेपालको ऊर्जा क्षेत्रलाई पारदर्शी, प्रभावकारी र प्रतिस्पर्धी बनाउने दिशामा उक्त संस्थालाई सक्षम बनाउनमा केन्द्रित हुनेछ । उक्त सहायता रकम नियम तर्जुमा र नियमनसम्बन्धी विभिन्न क्षेत्र (आर्थिक, प्राविधिक, नीतिगत तथा कानुनी) का विवाद निरूपणका लागि उक्त आयोगको क्षमता अभिवृद्धि गर्न आयोगमै विज्ञ जनशक्ति उपलब्ध गराउने काममा परिचालन गरिनेछ ।

नेपाल विद्युत् प्राधिकरणलाई उपलब्ध गराइने प्राविधिक सहायता विद्युतीय आपूर्ति तथा मागमा भएको वृद्धिलाई धान्न प्रसारण क्षमताका लागि आवश्यक लगानीको परिमाणमा वृद्धि गर्ने नियमन लागत पुनःप्राप्ति, परिष्कृत ग्रीड कार्यसञ्चालन तथा उत्कृष्ठ प्रणाली योजना तर्जुमाका क्षेत्रमा उक्त संस्थाको प्रसारणसम्बन्धी क्रियाकलापमा सुधार गरी उक्त संस्थालाई सहयोग गर्नमा केन्द्रित हुनेछ । यसले परिष्कृत सम्पत्ति व्यवस्थापन तथा सञ्जाल सञ्चालन प्रक्रियाका माध्यमबाट लोडसेडिङ्ग तथा ऊर्जाको गुणस्तरसम्बन्धी समस्यालाई न्यूनीकरण गर्दै प्रसारण सञ्जालको भरपर्दोपनामा वृद्धि गर्नेछ । अन्ततोगत्वा यसले ऊर्जा क्षेत्रको वित्तीय सम्भाव्यतामा सुधार गर्न नेपाल विद्युत् प्राधिकरणलाई सहयोग गर्नेछ ।

ऊर्जा क्षेत्र प्राविधिक सहायता क्रियाकलापसंग सम्बन्धित प्रगतिको सारांश यसप्रकार छ :

**विद्युत् नियमन आयोगलाई प्राविधिक सहायता**

विद्युत् प्रसारण आयोजना अन्तर्गत विद्युत् नियमन आयोगका लागि कार्यालयमै बसी सेवा उपलब्ध गराउने सल्लाहकार/परामर्शदाता नियुक्तिसम्बन्धी प्रस्ताव आह्वानपत्र नयाँ स्तरीय बोलपत्र दस्तावेज अनुसार तयार गरिएको छ । विद्युत् नियमन आयोगलाई प्रदान गरिने प्राविधिक सहायताको बजेटलाई अन्तिम रूप प्रदान गरिएको छ ।

**नेपाल विद्युत् प्राधिकरणलाई प्राविधिक सहायता**

नेपाल विद्युत् प्राधिकरणका लागि प्राविधिक सहायता अन्तर्गत परामर्श सेवा आपूर्तिका लागि प्रस्ताव आह्वानपत्र तयार गरिएको छ। नेपाल विद्युत् प्राधिकरणलाई प्रदान गरिने प्राविधिक सहायताको बजेटलाई अन्तिम रूप प्रदान गरिएको छ। यसका अतिरिक्त एमसिए-नेपाल र नेपाल विद्युत् प्राधिकरणबीचको आयोजना सहायता सम्झौता स्वीकृतिका लागि नेविप्राको सञ्चालक समितिसमक्ष प्रस्तुत गरिएपछि यो सम्झौता अन्तिम चरणमा पुगेको छ ।

### २.१.४ एमसिए-नेपाल साझेदारी कार्यक्रमसम्बन्धी उप-क्रियाकलाप

एमसिए-नेपाल साझेदारी कार्यक्रम विद्युत् प्रसारण आयोजना अन्तर्गत लाभ आदानप्रदानका लागि सिर्जना गरिएको एउटा उप-क्रियाकलाप हो । यस कार्यक्रमको उद्देश्य विद्युत् प्रसारण आयोजना विना अवरोध कार्यान्वयन र समयमै समापनका लागि स्थानीय समुदायको विश्वास हासिल गर्ने, उनीहरूसँग सम्बन्ध विस्तार गर्ने र विद्युत् प्रसारण लाइनका लाभ वितरण गर्ने हो ।

एमसिए-नेपाल साझेदारी कार्यक्रम उप-क्रियाकलापसंग सम्बन्धित प्रगति निम्नानुसार रहेको छ :

### २.१.४.१ विषयगत क्षेत्र १ का लागि प्रारम्भिक प्राविधिक सर्वेक्षण

एमसिए-नेपालले प्रभावित समुदायहरूमा विषयगत क्षेत्र १ सम्बन्धी प्रारम्भिक प्राविधिक सर्वेक्षण २०७८ साल असोज ६ गतेदेखि शुरु गरी चैत १२ गते सम्पन्न गऱ्यो । उक्त सर्वेक्षण दुई वटा टोलीद्वारा नेपाल विद्युत् प्राधिकरण तथा वडा प्रतिनिधिहरूसँगको समन्वयमा नौ जिल्लाका ९३ वडा र २९ नगरपालिकामा गरिएको थियो । उक्त सर्वेक्षणले विद्युत् आपूर्ति नभएका क्षेत्रहरू पहिचान गरेको छ । यसले प्रतिस्थापन गरिनुपर्ने काठका खम्बाहरूको सङ्ख्या, स्तरोन्नति गर्नुपर्ने वा थपिनुपर्ने ट्रान्सफरमरहरूको सङ्ख्या, ११ केभी लाइनको विस्तार एवं कालो तारबाट प्रतिस्थापन गरिनुपर्ने नाङ्गो वितरण लाइनहरू (४०० भोल्ट वा त्यसभन्दा कम) जस्ता वितरण लाइन प्रतिस्थापन गर्नुपर्ने आवश्यकता पनि पहिचान गरेको छ ।

### २.१.४.२ विषयगत क्षेत्र २ सम्बन्धमा समन्वयका लागि अन्य दातृ संस्थाहरूसंग छलफल

विषयगत क्षेत्र २ अन्तर्गतका क्रियाकलाप कार्यान्वयनका लागि समन्वयको सम्भावनाका लागि एमसिए-नेपालले अन्य दातृ संस्थाहरू

(एडीबी, यूएसएआईडी, विश्व बैङ्क तथा फिनिस राजदूतावास) सँग बैठकहरू आयोजना गरेको छ । यस विषयगत क्षेत्र अन्तर्गतका क्रियाकलाप कार्यान्वयनका लागि कार्यक्षेत्र, योजना तथा साझेदारीको सम्भावनासम्बन्धी छलफलमा ती बैठक केन्द्रित रहेका थिए ।

### २.१.४.३ विषयगत क्षेत्र ३ सम्बन्धी शर्तनामाको तयारी

कार्यक्रम डिजाइन तथा सम्भाव्यता मूल्याङ्कनसम्बन्धी एमसिए-नेपालको परामर्शदाता पीपीटीएसको सिफारिशका आधारमा एउटा अध्ययन सम्पन्न गरिएपछि विषयगत क्षेत्र ३ सम्बन्धी शर्तनामा तयार गरिएको छ । एमसिए-नेपाल टोली हाल तयार गरिएको उक्त शर्तनामाका आधारमा प्रस्ताव आह्वानपत्र तयार गर्ने प्रक्रियामा रहेको छ ।

| | विषयगत क्षेत्र १ | विषयगत क्षेत्र २ | विषयगत क्षेत्र ३ |
|---|---|---|---|
| प्रस्तावित क्षेत्र | विद्युत् वितरण प्रणाली वृद्धि तथा विस्तार | विद्युतीकरण तथा खानेपानीका लागि वैकल्पिक विद्युतीय समाधान | विद्युतीय प्रयोगमा वृद्धिका लागि क्षमता अभिवृद्धि |
| प्रस्तावित उप-क्रियाकलापहरू | - ग्रीड विस्तार<br>- खम्बा/कण्डक्टर प्रतिस्थापन<br>- ट्रान्सफरमरको स्तर वृद्धि | - घरपरिवारलाई वैकल्पिक विद्युतीय समाधान<br>- खानेपानी आपूर्तिका लागि सहयोग | - नगरपालिका ऊर्जा योजना<br>- क्षमता अभिवृद्धि तथा प्रशिक्षण |
| वर्तमान अवस्था | - पहिचान गर्ने र प्रारम्भिक तथ्याङ्क सङ्कलन गर्न आवश्यक<br>- प्रारम्भिक प्राविधिक सर्वेक्षण सम्पन्न र तथ्याङ्क विश्लेषण हुँदै । | - आन्तरिकका साथै वाह्य दातृ संस्थाहरूसँग छलफल जारी | - पहिचान गर्ने र प्रारंम्भिक तथ्याङ्क सङ्कलन गर्न आवश्यक<br>- शर्तनामालाई अन्तिम रूप दिइसकिएको र प्रस्ताव आह्वानपत्र तयारीको क्रममा रहेको । |

## २.२ सडक मर्मत आयोजना

सडक मर्मत आयोजनाको उद्देश्य सडक विभाग र सडक बोर्ड नेपाललाई प्राविधिक सहायता उपलब्ध गराउनुका साथै तिनीहरूको क्षमता विकास गरी नेपालका रणनैतिक सडक सञ्जालको गुणस्तर अभिवृद्धि गर्नु, मुलुकका रणनैतिक सडक सञ्जालमध्ये बढीमा ३०५ किलोमिटर सडक खण्डको आवधिक मर्मत कार्य गर्ने तथा नेपालको सडक मर्मत बजेटको दायरा बढाउनका लागि प्रोत्साहन गर्ने एक समपूरक कोष (म्याचिङ फण्ड) उपलब्ध गराउनु हो ।

नेपाल सरकार र एमसीसीका नीतिहरूका साथै प्राविधिक, वातावरणीय तथा सामाजिक मापदण्डहरू पालना गर्दै सडक मर्मत आयोजनाको सफल कार्यान्वयन गर्ने क्रममा आयोजना व्यवस्थापनका लागि आवश्यक खर्चहरू, वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कन र इञ्जिनियरिङ तथा प्राविधिक सुपरिवेक्षण कार्यका लागि समेत सहयोग उपलब्ध गराइनेछ ।

यो खण्डमा सडक मर्मत आयोजनाका दुई महत्वपूर्ण क्रियाकलाप - प्राविधिक सहयोग क्रियाकलाप र रणनैतिक सडक सञ्जाल मर्मत कार्यसम्बन्धी कार्यक्रमहरूबारे चर्चा गरिएको छ ।

### २.२.१ प्राविधिक सहायता क्रियाकलाप

प्राविधिक सहायता क्रियाकलाप अन्तर्गत सडक विभाग र सडक बोर्ड नेपाललाई सडक मर्मत योजना तर्जुमा, मूल्याङ्कन र नियमित र आवधिक रूपमा मर्मत कार्य गर्ने क्षमताको सदृढीकरणका लागि प्राविधिक सहायता उपलब्ध गराइनेछ । सुदृढ तथ्याङ्क सङ्कलन तथा विधि, आर्थिक औचित्यमा आधारित उपयुक्त सडक मर्मत योजनाको तयारी, आवधिक मर्मतका सन्दर्भमा परिष्कृत प्राथमिकता, सुदृढ ठेक्का प्रक्रिया र ठेक्का व्यवस्थापनका साथै सुदृढ सडक सुरक्षा स्वरूप तथा सुदृढ आयोजना व्यवस्थापन जस्ता क्षेत्रमा यो सहायता केन्द्रित हुनेछ । यस सहायता अन्तर्गत आधुनिक सडक मर्मतका तरिकाहरू, प्रविधिहरू तथा कार्यसञ्चालन प्रक्रियाहरू पनि उपलब्ध गराइनेछ ।

### २.२.२ रणनैतिक सडक मर्मतसम्बन्धी क्रियाकलाप

रणनैतिक सडक मर्मत क्रियाकलाप प्राविधिक सहायता क्रियाकलापमा आधारित भई त्यसको पूरकका रूपमा कार्यान्वयन गरिनेछ । यस अन्तर्गत थप दुई सहायक कार्यहरू पर्दछन् ।

#### पेभमेण्ट रिसाइक्लिङ

रणनैतिक सडक मर्मत क्रियाकलाप अन्तर्गत पेभमेण्ट सुधारसम्बन्धी दुई वटा नयाँ प्रविधि, मूलतः फूल डेप्थ रिक्लेमेशन (FDR) र सुपेरियर पर्फमिङ आस्फाल्ट पेभमेण्ट (Superpave) अवलम्बन गरिनेछ । रणनैतिक सडक मर्मत कार्य अन्तर्गतका क्रियाकलापका बाँकी कार्यक्रम डिजाइनका लागि जानकारी उपलब्ध गराउन कम्प्याक्ट कार्यान्वयनमा प्रवेश गर्नु अघि नै यो कार्यक्रमको परीक्षण र मूल्याङ्कन गर्ने प्रस्ताव गरिएको छ ।

#### समपूरक कोष (म्याचिङ फण्ड)

नेपाल सरकारलाई सडक मर्मतमा थप खर्च गर्न प्रोत्साहन गर्नका लागि नेपाल सरकारले आवधिक सडक मर्मतका लागि हाल गरिरहेको औसत वार्षिक खर्चभन्दा माथि खर्च गर्ने गरी एक अमेरिकी डलरबापत एमसीसी कोषबाट दुई अमेरिकी डलर उपलब्ध

गराउनका लागि एक समपूरक कोष बनाइनेछ। यस अन्तर्गत तीन वर्षमा चार करोड ५० लाख अमेरिकी डलर उपलब्ध गराइनेछ। यो समपूरक कोष आवधिक सडक मर्मत कार्यका लागि प्रयोग गरिनेछ।

सडक मर्मत आयोजना अन्तर्गत प्राविधिक सहायता तथा रणनैतिक सडक मर्मत कार्यसम्बन्धी क्रियाकलापको प्रगति निम्नानुसार रहेको छ।

### २.२.२.१ सडक बोर्ड नेपालसंग आयोजना सहायता सम्झौता

एमसिए-नेपाल र सडक बोर्ड नेपालबीच दुइवटै निकायका प्रतिनिधिहरूको उपस्थितिमा २०७९ साल जेठ ८ गते आयोजना सहायता सम्झौतामा हस्ताक्षर भयो। उक्त सम्झौता कोष सङ्कलनको व्यवस्थापन, साधनस्रोत विनियोजन तथा सडक मर्मतसम्बन्धी क्रियाकलापको अनुगमनसम्बन्धी सडक बोर्ड नेपालको क्षमता अभिवृद्धि गर्नमा केन्द्रित हुनेछ।

### २.२.२.२ सडक विभागमा प्रयोगशालाहरूको उद्घाटन

एमसिए-नेपालले सडक मर्मत आयोजनासम्बन्धी उपकरणहरूको भण्डारण तथा सञ्चालनका लागि प्रयोगशालाहरूको निर्माण कार्य २०७८ साल चैतमा सम्पन्न गरेको छ। ती प्रयोगशालामा आस्फाल्ट मिक्स डिजाइन प्रयोगशाला, सुपरपेभ आस्फाल्ट प्रयोगशाला, एफडब्लूडी भण्डारण प्रयोगशाला तथा स कटिङ एवं कोर ड्रिलिङ उपकरण प्रयोगशाला रहेका छन्। सडक विभागमा प्रयोगशाला भवनहरूको निर्माण तथा प्रयोगशालासम्बन्धी उपकरणहरूको जडान उक्त आयोजनाको एउटा महत्वपूर्ण उपलब्धि हो। ती प्रयोगशाला उपकरण एमसिए-नेपालको समन्वयमा सडक विभागका प्राविधिज्ञहरूका लागि सञ्चालन गरिने नियमित प्रशिक्षण क्रियाकलापका साथै आयोजनासम्बन्धी अन्य क्रियाकलापका लागि प्रयोग गरिनेछ। एमसिए-नेपालले ती उपकरणको नियमित सञ्चालन तथा मर्मत, बीमा तथा सम्बन्धित क्रियाकलापहरू गर्नेछ भने ती सम्पत्तिको नियमित प्रयोग तथा सुरक्षाको उत्तरदायित्व सडक विभागको हुनेछ। सडक विभागका महानिर्देशक शिवहरि सापकोटा, एमसीसीका युरोप, एसिया, प्रशान्त तथा ल्याटिन अमेरिकाका लागि नायब उपाध्यक्ष जोनाथन ब्रूक्स तथा एमसिए-नेपालका कार्यकारी निर्देशक खड्ग बहादुर विष्टले २०७९ साल वैशाख १३ गते सडक विभागमा ती प्रयोगशालाको उद्घाटन गर्नुभएको थियो।



*एमसिए-नेपालका कार्यकारी निर्देशक खड्ग बहादुर विष्ट र सडक बोर्ड नेपालका कार्यकारी निर्देशक प्रेमप्रकाश खत्री आयोजना सहायता सम्झौता आदानप्रदान गर्नुहुँदै।*

### २.२.२.३ परीक्षण सडक रिसाइक्लिङ डिजाइन तथा नयाँ प्रविधि अनुकूलन प्रतिवेदन


परीक्षण सडक रिसाइक्लिङ डिजाइन तथा नयाँ प्रविधि अनुकूलन परामर्श सेवाका लागि मुख्य परामर्शदाताका रूपमा स्वेको डोनमार्क ए/एससँग र सह-परामर्शदाताका रूपमा डेभटेक नेपालसँग २०७८ साल असोज २८ गते करार सम्झौतामा हस्ताक्षर भयो। उक्त परामर्शदाताले इन्जिनियरिङ डिजाइन प्रतिवेदन तयार गर्दैछ भने सडक मर्मत आयोजनाका लागि आवश्यक वातावरणीय तथा सामाजिक कार्यसम्पदान सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्दैछ।

एमसिए-नेपालले सडक विभाग, सडक बोर्ड नेपाल र अन्य सम्बन्धित यातायात सरोकारवालाहरूका लागि २०७८ साल माघ १० देखि ११ र माघ १३ देखि १४ गरी एफडीआर, सोइल सिमेण्ट स्टाबिलाइजेशन तथा सुपरपेभ मिक्स डिजाइनसम्बन्धी चार दिने कार्यशाला सञ्चालन गरेको थियो। एमसिए-नेपालले वार्षिक रूपमा नयाँ पेभमेण्ट रिसाइक्लिङ प्रविधिहरूसम्बन्धी यस्ता कार्यशालाहरू सञ्चालन गर्दै जानेछ।



*एमसीसीका नायब उपाध्यक्ष जोनाथन ब्रुक्स सडक विभागमा सडक मर्मत आयोजनाका उपकरणहरू राखिएको प्रयोगशाला उद्घाटन गर्नुहुँदै ।*

## २.३ आयोजना क्षेत्रहरू



# खण्ड ३
## वातावरणीय र सामाजिक सुरक्षा

वातावरणीय तथा सामाजिक चुनौतीहरू पहिचान, विश्लेषण र न्यूनीकरण गरी, वातावरणीय र सामाजिक मापदण्डसम्बन्धी नियम अनुसारका आवश्यकताहरू पालना गरी तथा आयोजनाका लागि सुझाव प्राप्त गर्ने र समर्थन जुटाउने कार्यमा सरोकारवालाहरूसँग सहकार्य गरी एमसीसी वातावरणीय निर्देशिका र नेपाल सरकारका वातावरणीय ऐन र नियमावलीहरूले औँल्याएका आवश्यकताहरू अनुसार विद्युत् प्रसारण आयोजना र सडक मर्मत आयोजनासम्बन्धी क्रियाकलाप कार्यान्वयन गरिएको सुनिश्चित गर्नका लागि एमसिए-नेपालले वातावरणीय र सामाजिक सुरक्षालाई प्रमुख क्षेत्रका रूपमा पहिचान गरेको छ ।

एमसीसीको वातावरणीय निर्देशिका (सन् २०१०) अनुसार विद्युत् प्रसारण आयोजनालाई 'क' वर्गमा पारिएको छ । एमसीसी वातावरणीय निर्देशिकामा सन्दर्भ सामग्रीका रूपमा समावेश गरिएका अन्तरराष्ट्रिय वित्त निगमका आठ वटा कार्यसम्पादन मापदण्डमध्ये सात वटालाई प्रारम्भिक मूल्याङ्कनका आधारमा एमसिए-नेपालका आयोजनाहरूमा पालना गरिनुपर्दछ । रुख काट्नुपर्ने, जग्गा अधिग्रहण गर्नुपर्ने र पुनर्स्थापन गरिनुपर्ने जस्ता केही छल्नै नसकिने वातावरणीय र सामाजिक प्रभाव विद्युत् प्रसारण आयोजनाबाट पर्दछन् । तथापि, आयोजना क्षेत्रका संवेदनशील वातावरणीय तथा सामाजिक पक्षहरूमा प्रभाव पर्न नदिन वा कमभन्दा कम प्रभाव पार्न उचित क्षतिपूर्ति, न्यूनीकरण वा व्यवस्थापनका उपाय अपनाएर यी सबै जोखिमलाई उपयुक्त रूपमा सम्बोधन गरिनेछ ।

एमसीसी वातावरणीय निर्देशिका अन्तर्गत सडक मर्मत आयोजनालाई 'ख' वर्गमा वर्गीकरण गरिएको छ । यो आयोजना अन्तर्गत प्रस्तावित क्रियाकलापबाट नकारात्मक वातावरणीय वा सामाजिक जोखिम सीमित मात्रामा मात्र सिर्जना हुने सम्भावना छ वा यसबाट सामान्यतया आयोजना क्षेत्रमा मात्रै पर्ने बहुसङ्ख्यक रूपमा समाधान गर्न सकिने तथा न्यूनीकरणका उपायबाट तत्काल सम्बोधन गर्न सकिने थोरै मात्र प्रभाव पर्छ । केही समयका लागि सडक बन्द गर्नुपर्ने, खाल्डो खन्ने र पुर्ने, हल्ला, धूलो र कामदार तथा समुदायका मानिसको स्वास्थ्य र सुरक्षा जस्ता निर्माण क्रियाकलापका कारण सिर्जना हुनसक्ने वातावरणीय र सामाजिक प्रभावलाई वातावरणीय र सामाजिक प्रभावको सङ्क्षिप्त मूल्याङ्कनका निष्कर्षहरूमा आधारित लक्षित वातावरणीय तथा सामाजिक व्यवस्थापन योजनाहरूमार्फत व्यवस्थापन गरिनेछ ।

### ३.१ वातावरण, स्वास्थ्य तथा सुरक्षा

#### ३.१.१ सडक मर्मत आयोजनाका लागि प्रारम्भिक वातावरणीय परीक्षण

सडक मर्मत आयोजना अन्तर्गत प्रस्तावित सडक मर्मत कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने आवश्यकता नेपाल सरकारको वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ ले सिर्जना गरेको छ । कार्यक्षेत्रमा सम्बन्धित क्रियाकलाप सञ्चालनका लागि मार्गप्रशस्त गर्न डिजाइन परामर्शदाता स्वेको डोनमार्क ए/एसले तयार गरेको प्रारम्भिक वातावरणीय परीक्षणसम्बन्धी शर्तनामा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले स्वीकृत गरेको छ ।

#### ३.१.२ प्रसारण लाइन आयोजनाका लागि रुख गणना

विद्युत् प्रसारण आयोजनाका लागि तयार गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएपछि एमसिए-नेपालले विद्युत् विकास विभागसमक्ष रुख कटान तथा वन क्षेत्र प्रयोग गर्न अनुमतिका लागि २०७८ साल वैशाख २८ गते निवेदन दिएको थियो । विद्युत् विकास विभागले समीक्षा गरिसकेपछि ती निवेदन सिफारिशसहित ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र वन तथा वातावरण मन्त्रालयमा पठाइएको थियो । त्यसपछि वन तथा वातावरण मन्त्रालयले रुख गणनासम्बन्धी कार्यलाई अगाडि बढाउन वन तथा भूसंरक्षण विभाग र विद्युत् प्रसारण आयोजना सञ्चालन हुने जिल्लामा रहेका डिभिजन वन कार्यालयहरूलाई पत्र लेखेका छ ।

वन तथा वातावरण मन्त्रालयसँग हस्ताक्षर गरिएको आयोजना सहायता सम्झौता अनुरूप रुख गणनाका लागि आवश्यक इण्टर्नहरूको सेवा लिन डिभिजन वन कार्यालयहरूलाई अधिकार प्रदान गर्नका लागि एमसिए-नेपालले गरेको अनुरोधलाई वन तथा वातावरण मन्त्रालयलाई गरेको अनुरोध स्वीकृत गरेको छ र सो कार्य सम्पन्न पनि गरिएको छ । यसका अतिरिक्त एमसिए-नेपालले रुख गणनाका लागि एक जना वन विशेषज्ञलाई परामर्शदाताका रूपमा नियुक्त गरेको छ ।

यसैगरी विद्युत् प्रसारण आयोजनाबाट प्रभावित हुने तीन प्रदेश (वागमती, गण्डकी तथा लुम्बिनी) का सरकारी वन अधिकृतहरूको सहभागितामा २०७८ साल मङ्सिर २१ र २२ गते परामर्श बैठकहरू आयोजना गरिएको छ । ती बैठकमा रुख गणना समयरेखा, आवश्यक साधनस्रोत तथा स्थलगत प्रमाणीकरण कार्यका लागि इण्टर्न परिचालन योजनासम्बन्धमा छलफल भएको थियो ।

#### ३.१.३ स्वास्थ्य तथा सुरक्षा

यस आर्थिक वर्षभरि नै एमसिए-नेपालले कोभिड-१९ को अवस्था अनुगमन गर्ने र कोभिड जोखिम व्यवस्थापन प्रोटोकल लागू गर्ने कार्यलाई जारी राख्यो । सडक मर्मत आयोजना डिजाइनसम्बन्धी परामर्शदाता स्वेको डोनमार्क तथा ३० किमि सर्वेक्षणसम्बन्धी परामर्शदाता पावर ग्रिडका लागि कोभिड-१९ जोखिम व्यवस्थापन योजना एमसिए-नेपालले स्वीकृत गरेको छ ।

## ३.२ सामाजिक सुरक्षा तथा पुनर्वास

विद्युत् प्रसारण आयोजनाको कार्यान्वयनका परिणामस्वरूप नेपाल सरकारको जग्गा प्राप्ति ऐन, २०३४ अनुसार रातमाटे सबस्टेशन निर्माणस्थल, प्रसारण लाइनको टावर निर्माणस्थल तथा सम्बन्धित अन्य क्षेत्रमा स्थायी जग्गा अधिग्रहण हुनेछ । यसका अतिरिक्त प्रसारण लाइनको भोगाधिकारका लागि आवश्यक जग्गा विद्युत् ऐन, २०४९ र विद्युत् नियमावली, २०५० मा गरिएको व्यवस्था अनुसार प्राप्त गरिनेछ । यी क्रियाकलापका कारण अस्वेच्छिक पुनर्वास (आर्थिक तथा भौतिक विस्थापन) को अवस्था सिर्जना हुनेछ भने आयोजना क्षेत्रका प्रभावित परिवारहरूको जीविकोपार्जनमा पनि प्रभाव पर्नेछ ।

जग्गा अधिग्रहण तथा अस्वेच्छिक पुनर्वाससम्बन्धी अन्तरराष्ट्रिय वित्त निगमको कार्यसम्पादन मापदण्ड ५ का मुख्य उद्देश्यहरूमध्ये एउटा उद्देश्य विस्थापित व्यक्तिहरूको जीविकोपार्जन तथा जीवनस्तरमा सुधार गर्ने वा पुनःस्थापित गर्ने हो । तसर्थ आयोजना कार्यान्वयनका फलस्वरूप गर्नुपरेको अस्वेच्छिक पुनर्वासबाट नकारात्मक प्रभाव तथा जीविकोपार्जनमा प्रतिकूल प्रभाव पर्न नदिन वा त्यस्तो प्रभावलाई कम गर्न र/वा त्यसबाट उत्पन्न प्रतिकूलतालाई समाधान गर्नका लागि पुनर्स्थापन नीतिको प्रारूप तयार गरिसकिएको छ ।

एमसिए-नेपालको सञ्चालक समितिले २०७६ साल भदौ १६ मा पारित गरिसकेको पुनर्वास नीति प्रारूपमा प्रभावलाई सम्बोधन गर्ने उपायका रूपमा अपनाइने सिद्धान्त, अधिकार तथा क्षतिपूर्तिबारे उल्लेख गरिएको छ । पुनर्वास नीतिको प्रारूप भनेको आयो जना कार्यान्वनयका कारण सिर्जना हुने अस्वेच्छिक पुनर्वास तथा जीविकोपार्जनसम्बन्धी नकारात्मक प्रभाव पर्न नदिने तथा कम गर्ने र/वा समाधान गर्ने उद्देश्यले तयार गरिएको निर्देशनात्मक दस्तावेज हो । पुनर्वास नीतिको प्रारूप राष्ट्रिय सामाजिक तथा सुर क्षा नीतिहरू र जग्गा अधिग्रहण, क्षतिपूर्ति र स्थायी रूपमा अधिग्रहण हुँदा गर्नुपर्ने पुनर्स्थापन र प्रसारण लाइनको तल पर्ने जग्गाको भोगाधिकारसम्बन्धी नेपाल सरकारको नीति तथा कानुनका साथै जग्गा अधिग्रहण तथा अस्वेच्छिक पुनर्वाससम्बन्धी अन्तरराष्ट्रिय वित्त निगमको कार्यसम्पादन मापदण्ड ५ (र उपयुक्तता अनुसार आदिवासी जनजातिसम्बन्धी अन्तरराष्ट्रिय वित्त निगमको कार्यसम्पादन मापदण्ड ७), एमसीसी वातावरणीय मार्गनिर्देशिका तथा एमसीसी लैङ्गिक नीति (सन् २०११) अनुरूप तयार गरिएको छ। एमसिए-नेपालको पुनर्वास क्रियाकलाप अन्तर्गत तीन वटा प्रसारण लाइन खण्ड (लप्सिफेदी - रातमाटे प्रसारण लाइन खण्ड, रातमाटे - नयाँ हेटौंडा प्रसारण लाइन खण्ड र रातमाटे - नयाँ दमौली - नयाँ बुटवल - भारतीय सीमा प्रसारण लाइन खण्ड) का लागि तीन वटा र रातमाटे सबस्टेशनका लागि एउटा गरी चार वटा पुनर्वास कार्ययोजना र जीविकोपार्जन पुनर्स्थापन योजना तयार गरिनेछ । अन्तरराष्ट्रिय वित्त निगमको कार्यसम्पादन मापदण्ड र आयोजना प्रभावित व्यक्तिहरूसम्बन्धी एमसीसी मार्गनिर्देशनमा पुनर्वास कार्ययोजना र जीविकोपार्जन पुनर्स्थापन योजना अनिवार्य रूपमा तयार गरिनुपर्ने व्यवस्था गरिएको छ ।

पुनर्वास नीति प्रारूपमा भएको प्रावधान अनुसार पुनर्वास कार्ययोजना र जीविकोपार्जन पुनर्स्थापन योजना तयार गरिएको छ र रातमाटे सबस्टेशनमा कार्यान्वयन भइरहेको छ। रातमाटे सबस्टेशनका लागि जग्गा अधिग्रहण गरिएको क्षेत्रमा पुनर्वास कार्ययोजना कार्यान्वयनका लागि पुनर्वास कार्यान्वयन परामर्शदाता नियुक्त गरिएको थियो । केही समस्याग्रस्त कित्ता बाहेक रातमाटे सबस्टेशनका लागि २०.२७ हेक्टर जग्गा अधिग्रहण गर्ने कार्य उल्लेख्य रूपमा सम्पन्न भइसकेको छ। कुल १८९ निजी कित्ता (१८.४३ हेक्टर) मध्ये १८६ कित्ता (१८.०४९ हेक्टर) को स्वामित्व हस्तान्तरण कार्य सम्पन्न भइसकेको छ। अधिग्रहण गर्न बाँकी तीन कित्ता (०.३९ हेक्टर) का सम्बन्धमा अदालतमा मुद्दा चलिरहेको छ । छ कित्ता सरकारी जग्गा (१.८३ हेक्टर) प्राप्त गर्न प्रक्रिया अगाडि बढाइएको छ ।

पुनर्वास कार्ययोजनासम्बन्धी सर्वेक्षणबाट प्राप्त प्रारम्भिक तथ्याङ्क अनुसार कुल १०९ क्षतिपूर्ति सम्झौता गर्नुपर्ने गर्नुपर्ने देखिएको थियो । मोही राखिएको, परिवार टुक्रिएको तथा आयोजना प्रभावित व्यक्तिहरूबीचको झगडाका कारण यो सङ्ख्या ११३ पुगेको थियो । ती ११३ वटा क्षतिपूर्ति सम्झौतामध्ये ११२ वटामा आयोजना प्रभावित परिवाहरूबाट हस्ताक्षर भइसकेको छ भने एउटामा हस्ताक्षर गर्न बाँकी छ । अदालतमा चलिरहेको मुद्दा टुङ्गोमा पुगेपछि उक्त क्षतिपूर्ति सम्झौतामा पनि हस्ताक्षर हुनेछ । क्षतिपूर्ति उपलब्ध गराउनका लागि बैङ्कमा खाता खोल्न लगाउनु अघि आयोजना प्रभावित व्यक्तिहरूलाई औपचारिक वित्तीय साक्षरतासम्बन्धी प्रशिक्षण पनि दिइएको थियो । २०५ जना आयोजना प्रभावित व्यक्तिहरूमध्ये १०४ जनाले बैङ्क खाता खोलिसकेका छन् । कुल ११३ वटा क्षतिपूर्ति सम्झौतामध्ये १०८ वटा क्षतिपूर्ति सम्झौता अनुसार ३४० वटा आर्थिक कारोबारमार्फत १९४ जना आयोजना प्रभावित व्यक्तिहरूलाई भुक्तानी प्रदान गरिसकिएको छ। २०७९ साल असार ३१ गतेसम्ममा रु. १,४४,३१,३६,५२९।८६ भुक्तानी भइसकेको छ।

आयोजना प्रभावित व्यक्तिहरूले सबस्टेशन हाताभित्र संरचनाहरू भत्काउने कार्य शुरु गरिसकेका छन् र केही आयोजना प्रभावित व्यक्ति अन्यत्र सर्न पनि थालिसकेका छन् । कोभिड-१९ महामारीको दोस्रो लहरका क्रममा स्थानीय स्वास्थ्य निकायहरूले नुवाकोट जिल्लाको विशेषगरी बेलकोटगढी नगरपालिकालाई निकै नराम्ररी प्रभावित भएको क्षेत्रका रूपमा पहिचान गरेका कारण यो प्रक्रियामा केही अवरोध सिर्जना भएको थियो । उक्त प्रक्रिया थालनी गर्नुपूर्व जिल्ला प्रशासन कार्यालय एवं जिल्लास्थित अन्य सरोकारवालासँगको परामर्शपछि जग्गा खाली गर्नका लागि एउटा सूचना प्रकाशित गरिएको थियो ।

विद्युत् प्रसारण लाइनले जीविकोपार्जन पुनःस्थापनाको व्यवस्था गरिएको छ। यस व्यवस्थाले आयोजना प्रभावित व्यक्तिहरूको प्रभावित जीविकोपार्जन कम्तीमा आयोजना कार्यान्वयन पूर्वको स्तरमा वा अझ सुधारिएको अवस्थामा पुनःस्थापित हुनुपर्ने आवश्यकता सिर्जना गर्दछ । यही व्यवस्था अनुसार एमसिए-नेपालको परामर्शदाता साप्रोस नेपालमार्फत रातमाटेका आयोजना प्रभाविता व्यक्तिहरूका लागि जीविकोपार्जन पुनःस्थापन कार्यक्रम प्रारम्भ गरिएको छ। आयोजना प्रभावित व्यक्तिरूको आधारभूत घरपरिवार सर्वेक्षणका साथै बेलकोटगढी नगरपालिका र नुवाकोट जिल्लामा क्रमशः नगरपालिका र जिल्ला स्तरीय शुभारम्भ बैठकहरू सम्पन्न भइसकेको छ। आधारभूत सर्वेक्षणले जीविकोपार्जन पुनःस्थापन योजनाका लागि २६२ जना आयोजना प्रभावित व्यक्तिहरू योग्य भएको निष्कर्ष निकालेको छ ।



*नुवाकोटको बेलकोटगढी नगरपालिकास्थित बाघखोरमा आयोजना गरिएको रातमाटे जीविकोपर्जन पुनःस्थापन योजना शुभारम्भ बैठक ।*



*एमसिए-नेपालको जीविकोपार्जन पुनःस्थापना कार्यक्रम कार्यान्वयनसम्बन्धी परामर्शदाता साप्रोस नेपालका एक कर्मचारी नुवाकोटमा घरदैलो सर्वेक्षण गर्नुहुँदै ।*

# खण्ड ४
## लैङ्गिक तथा सामाजिक समावेशीकरण

एमसिए-नेपालका आयोजनाहरूको डिजाइन र कार्यान्वयनको एक आवश्यकता भनेको लैङ्गिक र सामाजिक समावेशीकरण हो । एमसीसी लैङ्गिक नीति र एमसीसी लैङ्गिक एकीकरण निर्देशिका (सन् २०१६) ले कम्प्याक्टको विकास तथा कार्यान्वयनका हरेक तहमा लैङ्गिक र सामाजिक समावेशीकरणसम्बन्धी निश्चित कार्यान्वयनगत आवश्यकता, प्रक्रिया तथा कोशेढुङ्गा, भूमिका एवं जिम्मेवारीसम्बन्धी समष्टिगत मार्गनिर्देशन उपलब्ध गराएको छ ।

यो प्रतिवेदनको अवधिमा गरिएका मुख्य क्रियाकलापहरूलाई तल सङ्क्षेपमा उल्लेख गरिएको छ :

### ४.१ सडक मर्मत आयोजनाका लागि मानव बेचविखनसम्बन्धी जोखिम व्यवस्थापन योजनाको तयारी तथा डिजाइन

सडक मर्मत आयोजनाका लागि मानव बेचविखनसम्बन्धी जोखिम मूल्याङ्कन विधि निर्माण, मानव बेचविखनसम्बन्धी जोखिम मूल्याङ्कन तथा मानव बेचविखनसम्बन्धी जोखिम व्यवस्थापन योजनाको तयारी तथा डिजाइन कार्य थालिएको छ । सडक मर्मत आयोजनाको परीक्षण आयोजना क्षेत्रमा मानव बेचविखनसम्बन्धी जोखिम मूल्याङ्कन क्रियाकलापको थालनी २०७८ साल पुस ६ गते गरिएको छ । जोखिम मूल्याङ्कन विधि तयार गर्नुपर्ने यस क्रियाकलापका लागि सूचना सङ्कलन गर्न, पहुँच प्राप्त गर्न तथा जोखिम वर्गीकरण गर्न स्थलगत अन्तरक्रियाहरू आयोजना भइरहेका छन् ।

### ४.२ विद्युत् प्रसारण आयोजनाका लागि मानव बेचविखनसम्बन्धी सरोकारवालाहरूसंगको संलग्नता

विद्युत् प्रसारण आयोजनाको मानव बेचविखन जोखिम व्यवस्थापन योजनाको मसौदाको समीक्षा भइरहेको छ र कार्यान्वयनमा प्रवेश गर्ने मिति र विद्युत् प्रसारण आयोजनाका डी-बी ठेकेदारहरूले काम शुरु गर्ने समयलाई लक्षित गरेर अद्यावधिक गरिनेछ । एमसिए-नेपालले नेपालमा यस क्षेत्रमा काम गरिरहेका संस्थाहरू सूचीकृत गरेको छ र विद्युत् प्रसारण आयोजना कार्यान्वयन गरिने जिल्लाहरूमा स्थलगत उपस्थिति भएको एउटा गैसस शक्ति समूहसँग बैठकहरू पनि गरिसकेको छ । एमसिए-नेपालले विद्युत् प्रसारण आयोजनाका लागि मानव बेचविखनसम्बन्धी कार्यको कार्यक्षेत्रसम्बन्धी जानकारी उपलब्ध गराउनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग पनि एउटा बैठक गरिसकेको छ ।

### ४.३ वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रणालीका लागि मार्गनिर्देशिका

मानव बेचविखन रोकथाम तथा व्यवस्थापन, यौन दुरुत्साहन रोकथाम, लैङ्गिकतामा आधारित हिंसा रोकथाम र बालबालिकालाई काममा नलगाउनेसम्बन्धी मार्गनिर्देशिकाको मसौदा तयार गरिएको छ । वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रणालीमा राखिने यी मार्गनिर्देशिका एमसिए-नेपालका लागि काम गरिरहेका ठेकेदारहरू, परामर्शदाताहरू वा संस्थाहरूका लागि मार्गनिर्देशक दस्तावेज हुनेछन् । साना करारहरूले पालना गर्नुपर्ने कुराहरूलाई सरल बनाउने उद्देश्यले प्रति मानव-बेचविखन नीतिलाई प्रयोगमा ल्याउनेसम्बन्धी एउटा छुट्टै दस्तावेज पनि तयार हुँदैछ ।



*दाङको सिस्नियामा मानव बेचविखन जोखिम मूल्याङ्कनबारे गरिएको सामुदायिक परामर्श बैठक ।*

## ४.४ पूर्वाधार क्षेत्रमा महिला रोजगारीसम्बन्धी मूल्याङ्कन

एमसीसीले नेपालको पूर्वाधार क्षेत्रमा महिला रोजगारीसम्बन्धमा जानकारी हासिल गर्नका लागि एउटा मूल्याङ्कन अध्ययन गर्न लगाएको थियो । २०७९ साल जेठ १० गतेदेखि असार १४ गतेसम्म गरिएको उक्त अध्ययनको नेतृत्व एमसीसीका परामर्शदाताले गर्नुभएको थियो । उक्त अध्ययनका क्रममा पूर्वाधार कार्यान्वयन गर्ने सरकारी निकायहरू, दातृ संस्थाहरू, आयोजना कार्यान्वयन गरिरहेका निजी क्षेत्रहरू तथा मजदूर सङ्गठनहरू एवं संस्थाहरूसँग अन्तरवार्ता गरिएको थियो । सडक मर्मत आयोजनाका लागि एउटा र प्रसारण लाइनको नयाँ बुटवल - बर्दघाट खण्ड र सबस्टेशन क्रियाकलापमा केन्द्रित गर्दै अर्को स्थलगत अध्ययन भ्रमण गरिएको थियो । पुरुष तथा महिला श्रमिकहरू, सह-ठेकेदारहरू, साना ठेकेदारहरू तथा नेपाल विद्युत् प्राधिकरण टोलीसँग स्थलगत रूपमा अन्तरवार्ता गरिएको थियो । आयोजनाहरूको कार्यान्वयन चरणमा महिला रोजगारी प्रवर्द्धन तथा वृद्धि गर्ने सम्भावनाबारे जानकारी हासिल गर्ने उद्देश्यले स्थलगत मूल्याङ्कनलाई एमसिए-नेपालका लैङ्गिक तथा सामाजिक समावेशीकरण विज्ञहरूले सहजीकरण गर्नुभएको थियो । उक्त अध्ययनका आधारमा एउटा प्रतिवेदन तयार गरिएको छ ।



*नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा प्रसारण लाइन र सबस्टेशन क्रियाकलापका लागि नयाँ बुटवल-बर्दघाट खण्डमा महिला श्रमिकहरूसँग अन्तरवार्ता गर्दै एक परामर्शदाता ।*

# खण्ड ५
## गुनासो सुनुवाइ संयन्त्र

आयोजनाका क्रियाकलाप र प्रभावबारे सरोकारवाला पक्षले उजुरी वा चासो व्यक्त गरेका अवस्थामा व्यवस्थित तरिकाले व्यवस्थापन गर्ने गरी एमसिए-नेपालको गुनासो सुनुवाइ संयन्त्र बनाइएको छ। एकातिर यो समुदायलाई आफ्ना चासो दर्ता गर्न दिने आधिकारिक मञ्च हो भने अर्कोतिर यसले समयमा नै उचित समाधान खोज्नका लागि सरोकारवालाले उठाएका विषयबारे एमसिए-नेपाल र आयोजनाका अन्य पक्षहरूलाई जानकारी प्रदान गर्दछ । गुनासो यथार्थ क्षति भएको वा घाइते भएकोसम्बन्धी निश्चित उजुरी, आयोजनाका क्रियाकलाप वा कुनै घटनाका विषयमा आम चासो र प्रभाव वा अनुमानित प्रभावसम्बन्धमा हुनसक्छन् । यसैगरी सरोकारवालाहरूको संलग्नता समुदायहरूसँग विश्वास निर्माणका लागि आधारभूत कुरा हो ।

गुनासो सुनुवाइ संयन्त्र तथा सरोकारवाला संलग्नता योजना एमसीसी वातावरणीय मार्गनिर्देशिका, एमसीसी लैङ्गिक नीति तथा लैङ्गिक एकीकरण मार्गनिर्देशिका, एमसीसी मानवीय बेचबिखन नियन्त्रण नीति, अनिवार्य पुनर्वास कार्यान्वयन मार्गनिर्देशिका (सन् २००८), अन्तरराष्ट्रिय वित्त संस्थानको कार्यसम्पादन मापदण्ड, नेपाल सरकारका सम्बन्धित नियम कानुन तथा नेपालमा कार्यान्वयन भएका अन्य आयोजनाका सर्वोत्तम अभ्यासहरूका आधारमा आयोजना अवधिमा सुसुचित परामर्श तथा समावेशी सहभागिता प्रदर्शन गर्ने उद्देश्यले तयार गरिएको छ। सरोकारवाला संलग्नता योजनाको उद्देश्य सकेसम्म छिटो आयोजनाका प्रमुख सरोकारवालाहरू, विशेषगरी महिला, सामाजिक रूपमा बहिष्कृत, सीमान्तीकृत तथा जोखिममा रहेका समुदायहरूलाई पहिचान गर्न आयोजनालाई सक्षम गर्नु, प्रत्येक सरोकारवाला समूहमा रहेका संवेदनशीलता बुझ्ने तथा समुदायहरू आयोजनाबारे जानकार भएका र यसका प्रभावबारे नियमित रूपमा सरसल्लाह गरिएको सुनिश्चित गर्नका लागि उपयुक्त संलग्नता संयन्त्र तयार गर्नु र एमसिए-नेपालको जिल्लास्थित कार्यालयहरूका माध्यमबाट नियमित बैठक गरी दोहोरो सञ्चार स्थापना गर्नु हो ।

समुदायहरूले एमसिए-नेपालका आयोजनाहरूमा गुनासो दर्ता गर्नका लागि विभिन्न उपाय छन् । एमसिए-नेपालका पूर्व आयोजना तयारी तथा प्राविधिक सुपरिवेक्षण टोलीले गुनासो सुनुवाइ एकाइका रूपमा प्रत्येक प्रभावित जिल्लामा प्रारम्भिक रूपमा सार्वजनिक सूचना केन्द्र स्थापना गरेको थियो । प्रभावित नगरपालिकाहरूमा प्रस्तावित विद्युत् प्रसारण मार्ग नजिकैका स्थानमा ती सार्वजनिक सूचना केन्द्र राखिएका थिए । यसका अतिरिक्त जिल्ला सदरमुकाम वा आयोजना प्रभावित क्षेत्र नजिकै राखिएका एमसिए-नेपालका स्थानीय कार्यालयले पनि गुनासो सुनुवाइ एकाइका रूपमा कार्य गर्दै आएका थिए । आयोजना तयारी तथा प्राविधिक सुपरिवेक्षण टोली कार्यरत नरहेको वर्तमान अवस्थामा गुनासो सुनुवाइ एकाइको कार्य एमसिए-नेपालका वातावरण तथा सामाजिक सुरक्षासम्बन्धी स्थानीय सामुदायिक सहयोगीबाट सञ्चालित स्थानीय कार्यालयहरूले गर्दै आएका छन् ।

अधिकांश समुदायहरू सजिलै पुग्न सकिने स्थानहरूमा गुनासो सुनुवाइ एकाइ स्थापना गर्नेसम्बन्धमा प्राथमिकतापूर्वक विचार गरिएका भए पनि प्रस्तावित विद्युत् प्रसारण आयोजनाको भौगोलिक क्षेत्र ठूलो भएका कारण ती एकाइमा सर्वसाधारणको पहुँचमा सहजता अझै पनि पर्याप्त नभएको देखिएको छ । त्यसैले स्थानीय वासिन्दाले आफ्ना गुनासा टाढैबाटै दर्ता गर्न सक्ने संयन्त्रको व्यवस्था गरिएको छ । अहिले स्थानीय वासिन्दाले आफ्ना गुनासा आफैं उपस्थित भएर वा फोन, चिठ्ठी वा ई-मेलमार्फत एमसिए-नेपालको स्थानीय कार्यालयमा दर्ता गर्न सक्दछन् वा सिधै काठमाडौंस्थित केन्द्रीय कार्यालयलाई जानकारी गराउन सक्दछन् । गुनासाको दर्ता कापी एमसिए-नेपालको स्थानीय कार्यालयमा राख्ने गरिएको छ भने त्यसको एउटा प्रतिलिपि केन्द्रीय कार्यालयमा पनि राख्ने गरिएको छ । स्थानीय कार्यालयहरूमा रहेका वातावरण तथा सामाजिक सुरक्षासम्बन्धी स्थानीय सामुदायिक सहयोगीहरूले गुनासाको अभिलेख राख्दछन् र त्यसबारे एमसिए-नेपालमा रहेका सम्बन्धित टोलीलाई समयमै ध्यानाकर्षण गराएर छलफल गराउन वा उपयुक्त समाधानका लागि थप पहलकदमी लिनका लागि जिम्मेवार गुनासोसम्बन्धी संयोजकलाई जानकारी गराउँदछन् ।

गुनासालाई तिनीहरूको आकार र/वा जटिलताका आधारमा सम्बोधन गर्नका लागि निर्णय लिने निकायमा तीन तहको गुनासा सुनुवाइ संयन्त्र बनाइएको छ। पहिलो तहमा एमसिए-नेपालको निर्णायक पहलबाट गुनासो गर्ने व्यक्ति सन्तुष्ट नभएमा उक्त निर्णयमाथि पुनरावेदन गर्न सकिन्छ। उक्त पुनरावेदन प्रक्रियाले गुनासोलाई वडाध्यक्षको अध्यक्षतामा रहेको दोस्रो तहको सुनुवाइ संयन्त्रमा पुऱ्याउँदछ। यसैगरी दोस्रो तहको गुनासो सुनुवाइ समितिको निर्णयबाट पनि गुनासोकर्ता सन्तुष्ट भएन भने थप सुनुवाइका लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित तेस्रो तहको समितिको पनि व्यवस्था गरिएको छ । एमसिए-नेपाले सम्पूर्ण गुनासाको दर्तादेखि समाधानसम्मका क्रियाकलापको अनुगमनका लागि गुनासो विवरण राख्ने गरेको छ ।

### गुनासाका अवस्था

- गुनासासम्बन्धी एउटा डेटाबेस निर्माण गरिएको छ र टोलीले नियमित रूपमा सबै गुनासो समीक्षा गरी आफ्ना सुझाव उपलब्ध गराउन सकोस् भन्ने उद्देश्यले उक्त डेटाबेसलाई आयोजनाको शेयरप्वाइण्टमा राखिएको छ ।
- अहिलेसम्म (२०७९ साल असार मसान्त) एमसिए-नेपाल कार्यालयमा विद्युतीय प्रसारण आयोजनासँग सम्बन्धित ७० वटा गुनासो दर्ता भएका छन् ।
- दर्ता भएका गुनासामध्ये आठ वटालाई सम्बोधन गरेर अन्तिम किनारा लगाइएको छ । सात वटा गुनासासम्बन्धमा पहिलो तहको सुनुवाइ संयन्त्रले गरेको निर्णय गुनासोकर्तालाई सन्तोषजनक नभएकाले दोस्रो तहको छलफल आवश्यक भएको

अवस्थामा तिनीहरू छन् ।

- दर्ता गरिएका बाँकी गुनासा क्षतिपूर्ति तथा प्रसारण लाइन जाने मार्गलाई परिवर्तन गर्नेसम्बन्धमा रहेका छन् र थप सर्वेक्षण तथा पुनर्वास कार्ययोजना कार्यान्वयन गरिएपछि तिनीहरूको सम्बोधन गरिनेछ ।

गएको आर्थिक वर्षमा एमसिए-नेपालले विभिन्न जिल्लामा रहेका स्थानीय कार्यालयहरूमा कार्यरत वातावरण तथा सामाजिक सुरक्षासम्बन्धी स्थानीय सामुदायिक सहयोगीमार्फत गुनासोकर्ताहरू तथा सम्बन्धित सरोकारवालाहरूलाई नियमित रूपमा भेटी दर्ता गरिएका गुनासालाई निरन्तर रूपमा अनुगमन गर्दै आएको छ ।



*नुवाकोट जिल्लामा स्थलगत यथार्थ थाहा पाउनका लागि गुनासोकर्तासँग एमसिए-नेपालको गुनासो संबोधन संयन्त्र टोली ।*



*प्रसारण लाइन निर्माणसम्बन्धी गुनासा सम्बोधनका लागि जिल्लास्थित अधिकारीहरू तथा आयोजना प्रभावित व्यक्तिहरूको सहभागितामा तनहुँमा आयोजित जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम ।*

# खण्ड ६
## जालसाजी र भ्रष्टाचार

नेपाल सरकारको जालसाजी तथा भ्रष्टाचारसम्बन्धी कानुनका आधारमा एमसिए-नेपालका आयोजनाहरू कार्यान्वयन हुनेछन् भने यसका अतिरिक्त एमसिए-नेपालले एमसीसी कार्यसञ्चालनमा जालसाजी तथा भ्रष्टाचार रोकथाम, पहिचान एवं सम्बोधनसम्बन्धी एमसीसी नीति, २००९ (वा एमसीसी जालसाजी तथा भ्रष्टाचारविरोधी नीति) पनि पालना गर्नेछ । यो नीतिले एमसीसी सहायताको कानुनतः हुने प्रयोग बाहेकका जबर्जस्ती, मिलेमतो, भ्रष्टाचार, जालसाजी तथा जालसाजी र भ्रष्टाचारका विषयमा अनुसन्धानमा बाधा उत्पन्न गर्ने कुनै पनि कार्यसहितका जालसाजी र भ्रष्टाचारमा रोक लगाएको छ ।

कार्यक्रम तथा आयोजनासम्बन्धी क्रियाकलाप कार्यान्वयनका क्रममा जालसाजी तथा भ्रष्टाचारसम्बन्धी घटनालाई सम्बोधन गर्ने उद्देश्य हासिल गर्नका लागि एमसिए-नेपालले जालसाजी तथा भ्रष्टाचारविरुद्ध कार्ययोजना तयार गरेको छ । यस योजनामा जालसाजी तथा भ्रष्टाचारको प्रभावकारी पहिचान, रोकथाम तथा उपचार सुनिश्चित गर्नका लागि उपयुक्त संरचना स्थापित गरेको छ । यसले आयोजना कार्यान्वयनमा संलग्न सम्पूर्ण सरोकारवाला, एमसिए-नेपाल सञ्चालक समिति तथा कर्मचारीहरू, आयोजनाका साझेदारहरूका साथै एमसिए-नेपालले काम, सामान तथा सेवाका लागि करार गरेका ठेकेदारहरू/परामर्शदाताहरूलाई समेटेको छ ।

यस योजनाले जालसाजी तथा भ्रष्टाचारविरोधी जोखिम मूल्याङ्कन तालिकामा सूचीकृत उच्च प्राथमिकतायुक्त जोखिमहरूलाई सम्बोधन गर्नेछ र यसले पहिचान गरिएका जोखिमहरू न्यूनीकरण गर्नका लागि थप पहल अपनाउन विस्तृत मार्गचित्र उपलब्ध गराएको छ । जालसाजी तथा भ्रष्टाचारविरुद्ध योजनाले एमसिए-नेपालको कार्यसञ्चालनमा सुशासन प्रवर्द्धन गर्न, आन्तरिक नियन्त्रण सशक्त बनाउन तथा जालसाजीयुक्त एवं भ्रष्ट अभ्यासहरूलाई दुरुत्साहित गर्न एमसिए-नेपालका साथै एमसीसीले अपनाएका विभिन्न आन्तरिक नीतिहरूलाई अनुसरण गरेको छ ।

# खण्ड ७
## जोखिम तथा चुनौतीहरू

एमसिए-नेपालले आन्तरिक जोखिम पहिचान प्रक्रिया अपनाएर नेपाल कम्प्याक्टको तयारी तथा कार्यान्वयन चरणमा हुनसक्ने अनुमान गरिएका कार्यान्वयनसँग सम्बन्धित सम्पूर्ण जोखिमहरूको विवरणसहितको कार्यक्रम तथा आयोजनास्तरीय जोखिम सूची तयार गरेको छ। देखा पर्दै गरेका जोखिम पहिचान गर्न तथा विद्यमान जोखिमका लागि न्यूनीकरण रणनीतिको अनुगमन तथा व्यवस्थापन गर्न नियमित रूपमा आन्तरिक जोखिम समीक्षा बैठक बस्ने गरेको छ।

जोखिम सूचीमा अभिलेखीकरण गरिएका कार्यक्रम तथा आयोजनासम्बन्धी जोखिमहरूका अतिरिक्त कम्प्याक्टले उच्चस्तरीय परिणाम प्राप्तीसँग जोडिएका प्रमुख अनुमानहरू तथा जोखिमहरू पनि पहिचान गर्दछ।

यस प्रतिवेदनले समेटेको अवधिमा एमसिए-नेपालले सामना गरेका केही प्रमुख जोखिम तथा चुनौतीबारे तलका बुँदाहरूमा छलफल गरिएको छ :

### कार्यान्वयनमा प्रवेश

कम्प्याक्टको संसदीय अनुमोदनपछि कम्प्याक्टको कार्यान्वयनका लागि २०८० सालको भदौदेखि सम्पूर्ण निर्माण कार्य प्रारम्भ गर्ने गरी कार्यान्वयनमा प्रवेश गर्ने मिति निर्धारण गरिएको छ। कार्यान्वयनमा प्रवेश गर्ने मितिपछिको पाँच वर्षभित्र कम्प्याक्ट अन्तर्गतका आयोजनाहहरू सम्पन्न गर्न एमसिए-नेपाल जिम्मेवार छ। कम्प्याक्ट कार्यान्वयनलाई सघाउने तयारी क्रियाकलापहरू अगाडि बढिरहेका छन्। यी क्रियाकलापमा वातावरणीय प्रभाव मूल्याङ्कन, पुनर्वास कार्ययोजना, प्रसारण लाइन मार्ग, जग्गा अधिग्रहण, रुख गणनासँग सम्बन्धित गुनासाको सम्बोधनका साथै अन्य क्रियाकलाप रहेका छन्। यी तयारी कार्य सम्पन्न भएपछि निर्माणसम्बन्धी करारहरूको शीघ्र र अवरोधविहीन कार्यान्वयनका लागि मार्गप्रशस्त हुनेछ र पाँच वर्षको अवधिभित्र आयोजना सम्पन्न हुने सम्भावनामा वृद्धि हुनेछ। तयारी क्रियाकलापहरू कार्यान्वयनमा प्रवेश गर्नका लागि तय गरिएको लक्षित मितिभन्दा पहिले नै सम्पन्न नभएमा कम्प्याक्ट समयमै सम्पन्न नहुने जोखिम एमसिए-नेपाललाई हुनसक्छ।

### साधनस्रोतको अपर्याप्तता

एमसीसी नेपाल कम्प्याक्टको संसदीय अनुमोदनमा भएको ढिलाइ तथा विगत डेढ वर्षदेखि सामग्री, विशेष गरी धातुका सामग्रीको मूल्यमा भएको वृद्धिले आयोजनाको बजेटमा प्रभाव पारेको छ। धातुका सामग्रीको मूल्यमा नघटेसम्म मुल रूपमा तर्जुमा गरिएको बजेटमा आयोजनाका क्रियाकलापहरू कार्यान्वयन गर्नु चुनौतीपूर्ण हुनसक्छ। एमसिए-नेपाल टोली हालको बजेटको वास्तविक घाटा पत्ता लगाउनुका साथै यसलाई न्यूनीकरण गर्न सम्भावित उपायहरू खोजी गर्न अत्यन्त गम्भीरतापूर्वक प्रयास गरिरहेको छ।

### कोभिड-१९

अधिकांश कर्मचारीहरूले अहिले खोप लिइसकेको भए पनि कोभिड-१९ सङ्क्रमणको जोखिम अझै बाँकी नै छ। एमसिए-नेपालले केन्द्रीय कार्यालय एवं स्थानीय कार्यालयहरूमा सरकारको निर्देशन अनुसार आफ्नो आन्तरिक कोभिड-१९ आकस्मिक योजनालाई नियमित रूपमा अद्यावधिक गर्नुका साथै कार्यान्वयन गरिरहेको छ। २०७८ साल फागुनदेखि एमसिए-नेपालले शत्प्रतिशत कार्य कार्यालयबाटै सञ्चालन गर्न थालेको छ।

पूर्वानुमान गर्न कठिन कोभिड-१९ को विस्तारका कारण ठेकेदारहरू/परामर्शदाताहरूको कार्यसम्पादन प्रभावित भयो भने आयोजना समयमै सम्पन्न गर्न कठिन हुनसक्छ। करार कार्यान्वयनमा जानुपूर्व करारकै एउटा दायित्वका रूपमा एमसिए-नेपाल मापदण्ड अनुरूपको कोभिड जोखिम न्यूनीकरण योजना ठेकेदारहरू/परामर्शदाताहरूले तयार गरेमा यो जोखिम कम हुनसक्छ।

# खण्ड ८
## वित्तीय विवरण

संवैधानिक निकायका रूपमा रहेको नेपाल सरकारको कार्यालय महालेखा परीक्षकको कार्यालयले एमसिए-नेपालको लेखापरीक्षण गर्दछ। महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षण सम्पन्न गरिसकेको छ।

आर्थिक वर्ष २०७८/०७९ को वित्तीय कारोवार (नेपाली रूपैयाँमा) को झलक र विस्तृत विवरण तल दिइएको छ।

### क. आर्थिक वर्ष २०७८/०७९ को खर्चको झलक (नेपाली रूपैयाँमा)

| आयोजना/क्रियाकलापका आधारमा खर्चहरू | | | |
|---|---|---|---|
| आयोजना/क्रियाकलाप | नेपाल सरकार | एमसीसी | जम्मा रकम |
| विद्युत् प्रसारण आयोजना | ३,८०,२७,२११।६० | ६,१९,३१,६७९।४३ | ९,९९,५८,८९१।०३ |
| सडक मर्मत आयोजना | १,२६,२०,७८६।८२ | ६,९५,०९,७४१।३० | ८,२१,३०,५२८।१२ |
| अनुगमन तथा मूल्याङ्कन | - | - | - |
| कार्यक्रम व्यवस्थापन | १४,६५,७२,७५६।१४ | २४,४६,४२,२९९।६७ | ३९,१२,१५,०५५।८१ |
| जम्मा | १९,७२,२०,७५४।५६ | ३७,६०,८३,७२०।४० | ५७,३३,०४,४७४।९६ |
| चालु/पुँजीगत आधारमा खर्चहरू | | | |
| खर्च शीर्षक | नेपाल सरकार | एमसीसी | कुल रकम |
| चालु खर्च | १५,१५,८९,४२५।६७ | २६,२८,१८,४३१।४५ | ४१,४४,०७,८५७।१२ |
| पुँजीगत खर्च | ४,५६,३१,३२८।८९ | ११,३२,६५,२८८।९५ | १५,८८,९६,६१७।८४ |
| जम्मा | १९,७२,२०,७५४।५६ | ३७,६०,८३,७२०।४० | ५७,३३,०४,४७४।९६ |

# ख. आर्थिक वर्ष २०७८/०७९ को विस्तृत वार्षिक वित्तीय विवरण

## १. चालू खर्च

म.ले.प.फा.नं. २१४

नेपाल सरकार

अर्थ मन्त्रालय

**मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)**

कार्यालय कोड नं.: ३०५००३५०४

दातृ निकायगत बजेट र खर्चको आर्थिक विवरण

आ.व. २०७८/७९ (२०२१/२२)

बजेट मुल शीर्षक नं: ३०५००१०८३ (चालु खर्च)

कार्यालय/आयोजनाको नाम: मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)

आयोजना रहेको स्थान: लालदरबार कन्भेन्सन सेन्टर, याक एण्ड यती कम्प्लेक्स, दरबार मार्ग, काठमाण्डौ

| खर्च शिर्षक न | नाम | अन्तिम बजेट | | | खर्च | | | बाँकी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाल सरकार | एम सि सि सो भु अनुदान | जम्मा | नेपाल सरकार | एम सि सि सो भु अनुदान | जम्मा | नेपाल सरकार | एम सि सि सो भु अनुदान | जम्मा |
| २२१११ | पानी तथा विजुली | ५,७००,००० | २,८००,००० | ८,५००,००० | ४७,५२०.०० | १,४३३,४९९.०१ | १,४८१,०१९.०१ | ५,६५२,४८०.०० | १,३६६,५००.९९ | ७,०१८,९८०.९९ |
| २२११२ | संचार खर्च | ७००,००० | - | ७००,००० | ४४३,९६२.८४ | - | ४४३,९६२.८४ | २५६,०३७.१६ | - | २५६,०३७.१६ |
| २२२१२ | ईन्धन (कार्यालय प्रयोजन) | २,७००,००० | ४००,००० | ३,१००,००० | १४५,९००.०१ | २१७,३७३.०० | ३६३,२७३.०१ | २,५५४,०९९.९९ | १८२,६२७.०० | २,७३६,७२६.९९ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ४,७००,००० | २००,००० | ४,९००,००० | ४४४,३३०.१७ | १२८,८५५.५५ | ५७३,१८५.७२ | ४,२५५,६६९.८३ | ७१,१४४.४५ | ४,३२६,८१४.२८ |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | १२,०००,००० | - | १२,०००,००० | ७,९४८,३७३.९० | - | ७,९४८,३७३.९० | ४,०५१,६२६.१० | - | ४,०५१,६२६.१० |
| २२२२१ | मेशिन तथा उपकरणको संचालन तथा मर्मत | १,९००,००० | - | १,९००,००० | ५५८,१०१.६५ | - | ५५८,१०१.६५ | | | |
| २२२९१ | अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च | ५००,००० | २,१००,००० | २,६००,००० | - | ७८,४१७.९८ | ७८,४१७.९८ | ५००,०००.०० | २,०२१,५८२.०२ | २,५२१,५८२.०२ |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ३,९६४,००० | ५००,००० | ४,४६४,००० | ८६१,८८२.५४ | २,२६६,३९०.८८ | ३,१२८,२७३.४२ | ३,१०२,११७.४६ | (१,७६६,३९०.८८) | १,३३५,७२६.५८ |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १००,००० | - | १००,००० | - | - | - | १००,०००.०० | - | १००,०००.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ४,७००,००० | ५,९००,००० | १०,६००,००० | ८४५,४७९.५८ | १,१३३,२३८.८१ | १,९७८,७१८.३९ | ३,८५४,५२०.४२ | ४,७६६,७६१.१९ | ८,६२१,२८१.६१ |
| २२४११ | सेवा र परामर्श खर्च | २५४,३९८,८४८ | १६८,२००,००० | ४२२,५९८,८४८ | १२०,३०५,२२५.०१ | २३१,४६३,६०७.२९ | ३५१,७६८,८३२.३० | १३४,०९३,६२२.९९ | (६३,२६३,६०७.२९) | ७०,८३०,०१५.७० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १,०००,००० | ६००,००० | १,६००,००० | ४१५,२७५.०० | २,१६९,४५७.०९ | २,५८४,७३२.०९ | ५८४,७२५.०० | (१,५६९,४५७.०९) | (९८४,७३२.०९) |
| २२४१३ | करार सेवा शुल्क | १,९००,००० | ३,५००,००० | ५,४००,००० | ८९२,१५९.०९ | १,०५७,०७१.४४ | १,९४९,२३०.५३ | १,००७,८४०.९१ | २,४४२,९२८.५६ | ३,४५०,७६९.४७ |
| २२४१९ | अन्य सेवा शुल्क | ६००,००० | - | ६००,००० | ९५,०००.०० | - | ९५,०००.०० | ५०५,०००.०० | - | ५०५,०००.०० |
| २२५११ | कर्मचारी तालिम खर्च | - | ३४,८००,००० | ३४,८००,००० | - | - | - | - | ३४,८००,०००.०० | ३४,८००,०००.०० |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | - | ६,३००,००० | ६,३००,००० | - | - | - | - | ६,३००,०००.०० | ६,३००,०००.०० |
| २२५२२ | कार्यक्रम खर्च | ४३,९८१,००० | ६३,०००,००० | १०६,९८१,००० | १,७८९,७०१.८१ | १,१७९,९३८.०७ | २,९६९,६३९.८८ | ४२,१९१,२९८.१९ | ६१,८२०,०६१.९३ | १०४,०११,३६०.१२ |
| २२६१२ | भ्रमण खर्च | ३३,२५६,१५२ | ५९,६००,००० | ९२,८५६,१५२ | २,०३४,१७२.२६ | ४,६८७,८४६.९१ | ६,७२२,०१९.१७ | ३१,२२१,९७९.७४ | ५४,९१२,१५३.०९ | ८६,१३४,१३२.८३ |
| २२७११ | विविध खर्च | १,६००,००० | - | १,६००,००० | २६१,४७७.६६ | - | २६१,४७७.६६ | १,३३८,५२२.३४ | - | १,३३८,५२२.३४ |
| २८१४२ | घर भाडा | २०,४००,००० | ६,५००,००० | २६,९००,००० | १४,४३१,२९३.८४ | १७,००२,७३५.४२ | ३१,४३४,०२९.२६ | ५,९६८,७०६.१६ | (१०,५०२,७३५.४२) | (४,५३४,०२९.२६) |
| २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | २,४००,००० | १,१००,००० | ३,५००,००० | ६९,५७०.३१ | - | ६९,५७०.३१ | २,३३०,४२९.६९ | १,१००,०००.०० | ३,४३०,४२९.६९ |
| | | | | | | | | | | |
| जम्मा | | ३९६,५००,००० | ३५५,५००,००० | ७५२,०००,००० | १५१,५८९,४२५.६७ | २६२,८१८,४३१.४५ | ४१४,४०७,८५७.१२ | २४३,४६६,६७५.९८ | ९२,६८१,५६८.५५ | ३३६,२५०,२४४.५३ |

तयार गर्ने:
दस्तखत:
नाम/थर: भवानि प्रसाद ज्ञवाली
पद: वित्त व्यवस्थापन विज्ञ
मिति: २०७९।०४।०६

लेखा प्रमुख:
दस्तखत:
नाम/थर: निर्मल कुमार खतिवडा
पद: प्रमुख वित्त अधिकृत
मिति: २०७९।०४।०६

कार्यालय प्रमुख:
दस्तखत:
नाम/थर: खड्ग बहादुर बिष्ट
पद: कार्यकारी निर्देशक
मिति: २०७९।०४।०६

## २. पुँजीगत खर्च

म.ले.प.फा.नं. २१४

नेपाल सरकार

अर्थ मन्त्रालय

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)

कार्यालय कोड नं.: ३०५००३५०४

दातृ निकायगत बजेट र खर्चको आर्थिक बिवरण

आ.ब. २०७८/७९ (२०२१/२२)

बजेट मुल शीर्षक नं: ३०५००१०८४ (पुँजिगत खर्च)

कार्यालय/आयोजनाको नाम: मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)

आयोजना रहेको स्थान: लालदरबार कन्भेन्सन सेन्टर, याक एण्ड यती कम्प्लेक्स, दरबार मार्ग, काठमाण्डौं

| खर्च शिर्षक न | नाम | अन्तिम बजेट | | | खर्च | | | बाँकी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाल सरकार | एम सि सि सो भु अनुदान | जम्मा | नेपाल सरकार | एम सि सि सो भु अनुदान | जम्मा | नेपाल सरकार | एम सि सि सो भु अनुदान | जम्मा |
| ३१११२ | भवन निर्माण | ६,९१३,००० | - | ६,९१३,००० | - | - | - | ६,९१३,०००.०० | - | ६,९१३,०००.०० |
| ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार | ३,२००,००० | ४,६७९,००० | ७,८७९,००० | - | २,९०९,३५६.९५ | २,९०९,३५६.९५ | ३,२००,०००.०० | १,७६९,६४३.०५ | ४,९६९,६४३.०५ |
| ३११२१ | सवारी साधन | २,४००,००० | - | २,४००,००० | - | - | - | २,४००,०००.०० | - | २,४००,०००.०० |
| ३११२२ | मेशिनरी तथा औजार | ५१,७६७,९५० | ३४,१०६,००० | ८५,८७३,९५० | १४,८१६,००८.३७ | ४,३०२,१३६.६८ | १९,११८,१४५.०५ | ३६,९५१,९४१.६३ | २९,८०३,८६३.३२ | ६६,७५५,८०४.९५ |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | १,७६४,०५० | २,३६०,००० | ४,१२४,०५० | - | १११,१४०.०० | १११,१४०.०० | १,७६४,०५०.०० | २,२४८,८६०.०० | ४,०१२,९१०.०० |
| ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पत्ती प्राप्ति खर्च | ३,३८५,००० | ६३,१९०,००० | ६६,५७५,००० | - | १८४,४१६.०० | १८४,४१६.०० | ३,३८५,०००.०० | ६३,००५,५८४.०० | ६६,३९०,५८४.०० |
| ३११३५ | पूँजीगत अनुसन्धान तथा परामर्श | २९४,१७०,००० | ३७०,६४०,००० | ६६४,८१०,००० | - | १०५,७५८,२३९.३२ | १०५,७५८,२३९.३२ | २९४,१७०,०००.०० | २६४,८८१,७६०.६८ | ५५९,०५१,७६०.६८ |
| ३११५१ | सडक तथा पूल निर्माण | - | ९०२,७००,००० | ९०२,७००,००० | - | - | - | - | ९०२,७००,०००.०० | ९०२,७००,०००.०० |
| ३११५३ | विद्युत संरचना निर्माण | - | ६,३५९,०२५,००० | ६,३५९,०२५,००० | - | - | - | - | ६,३५९,०२५,०००.०० | ६,३५९,०२५,०००.०० |
| ३१४११ | जग्गा प्राप्ति खर्च | २५०,०००,००० | - | २५०,०००,००० | ३०,८१५,३२०.५२ | - | ३०,८१५,३२०.५२ | २१९,१८४,६७९.४८ | - | २१९,१८४,६७९.४८ |
| | | | | | | | | | | |
| जम्मा | | ६१३,६००,००० | ७,७३६,७००,००० | ८,३५०,३००,००० | ४५,६३१,३२८.८९ | ११३,२६५,२८८.९५ | १५८,८९६,६१७.८४ | ५६७,९६८,६७१.११ | ७,६२३,४३४,७११.०५ | ८,१९१,४०३,३८२.१६ |
| चालु जम्मा | | ३९६,५००,००० | ३५५,५००,००० | ७५२,०००,००० | १५१,५८९,४२५.६७ | २६२,८१८,४३१.४५ | ४१४,४०७,८५७.१२ | २४३,५६८,६७५.९८ | ९२,६८१,५६८.५५ | ३३६,२५०,२४४.५३ |
| कुल जम्मा | | १,०१०,१००,००० | ८,०९२,२००,००० | ९,१०२,३००,००० | १९७,२२०,७५४.५६ | ३७६,०८३,७२०.४० | ५७३,३०४,४७४.९६ | ८११,५३७,३४७.०९ | ७,७१६,११६,२७९.६० | ८,५२७,६५३,६२६.६९ |

तयार गर्ने:
दस्तखत:
नाम/थर: भवानि प्रसाद उजाली
पद: वित्त व्यवस्थापन बिज्ञ
मिति: २०७९।०४।०६

लेखा प्रमुख:
दस्तखत:
नाम/थर: निर्मल कुमार खतिवडा
पद: प्रमुख वित्त अधिकृत
मिति: २०७९।०४।०६

कार्यालय प्रमुख:
दस्तखत:
नाम/थर: खड्ग बहादुर बिष्ट
पद: कार्यकारी निर्देशक
मिति: २०७९।०४।०६

*विद्युत् तथा सडकमा सहज पहुँचमार्फत आर्थिक विकास*


**मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति**

दोस्रो तथा तेस्रो तल्ला, पूर्वी लङ, लालदरवार सम्मेलन केन्द्र, याक एण्ड यति कम्प्लेक्स, दरवार मार्ग, काठमाडौं
+९७७-०१-४५४०९५१/४५४०९५२/५९१२९५३/५९१२९५४
I info@mcanp.org I www.mcanp.org